नजर हमर

मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ९६ ● २०८२ साल फागुन ०७ गते बिहीबार ● Thursday 19, February 2026 ● सूर्योदय: बिहान ०६:३९ बजे ● सूर्यास्त: साँझ ५:५९ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## निर्वाचन लक्षित मधेश प्रदेशको सुरक्षा चुनौतिपूर्ण

**मधेशदृष्टि**
**वीरगंज।**
आसन्न प्रतिनिधि सभा निर्वाचनलाई लक्षित गर्दै मधेश प्रदेशको सुरक्षा अवस्था चुनौतीपूर्ण देखिएको सुरक्षा निकायको विश्लेषण छ।

भारतसँगको खुला सीमाना, आपराधिक गतिविधि, भूमिगत समूहको सम्भावित सक्रियता तथा निर्वाचन विरोधी गतिविधिलाई मुख्य सुरक्षा चुनौतीका रूपमा हेरिएको छ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका अनुसार चालु आर्थिक वर्ष सुरु भएयता मधेशका आठ जिल्लामा ५६ वटा हत्या घटना भएका छन्।

तीमध्ये सबैभन्दा बढी सप्तरी जिल्लामा १३ जनाको हत्या भएको छ। सिरहा र सर्लाहीमा गोली प्रहारबाट भएका हत्या घटनामा संलग्न व्यक्ति अझै पहिचान हुन नसक्नुले पनि सुरक्षा चुनौती थपिएको छ।

# मधेशलाई सिङ्गो मुलुक पाल्ने बनाऔँः गगन



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा नेपाली कांग्रेसको प्रतिज्ञासभा भएको छ । प्रतिज्ञा सभामा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले हरेक नेपालीलाई सम्मानित जीवन बिताउने अवसर सुनिश्चित हुने गरी समग्र विकास गरिने बताएका छन् ।

उनले कृषकलाई केन्द्रमा राख्दै नेपाललाई पेटभरि खुवाउने र आफ्नै उत्पादनलाई विश्वभर चिनाउने किसानको देश बनाउने प्रतिवद्धता दोहो¥याए । थापाले शिक्षामा लगानीलाई अझ प्रभावकारी बनाइने र परिवारले ऋण लिन नपर्ने व्यवस्था सुनिश्चित गर्ने लक्ष्यसमेत उल्लेख गरे । 'नेपाललाई हामी छोराछोरीलाई पढाउँदा ऋण नलिनुपर्ने बनाउनेछौँ । हाम्रो देशमा ओखती गर्दा डर नलाग्ने वातावरण सिर्जना गर्नेछौँ,' उनले थपे । सभापति थापाले नेपालको मौलिकता र आधुनिकतालाई सँगसँगै अघि बढाउने योजना पनि प्रस्तुत गरे ।

उनले भने, 'नेपाललाई मौलिकतामा गौरव गर्ने र आधुनिकतामा लम्किने देश बनाउनेछौँ । विश्वले हाम्रो देशलाई स्वाभिमानी राष्ट्रको रूपमा चिन्नेछ ।' उनले नागरिकको दैनिकी र हैरानीबाट मुक्त हुने समाजको पनि प्रतिज्ञा गरे । 'प्रत्येक नागरिक हैरानीबाट नगुज्रिने, सम्मानित जीवन पाउनेछ । यो हाम्रो संकल्प हो, प्रतिज्ञा हो,' सभापति थापाले आफ्नो सम्बोधनमा भने ।

सभापति थापाले देश बनाउने प्रतिज्ञा एक्लै सम्भव नहुनेसमेत बताए । 'टिम नेपालले यो ५ वर्ष कुशासन र गरिबीलाई हराउँछ । त्यो एक्लै सम्भव हुँदैन,' थापाले भने, 'कांग्रेसले आजको समस्या समाधान गर्छ, भोलिको विकासमा अगाडि बढाउँछ । कांग्रेसको शक्ति सबैलाई सम्हालेर समेटेर अगाडि बढाउँछ ।'

कांग्रेसको टिम नेपालमा वडादेखि केन्द्रसम्मका सरकार, सबै राजनीतिक दल हुने थापाले बताए । थापाले प्रतिज्ञापत्रमा लेखिएका अक्षर सभापतिदेखि क्रियाशील सदस्यले पालना गर्ने बताए । उनले मधेशले देशलाई नेतृत्व गर्ने शिक्षा, स्वास्थ्य र विज्ञान र सूचना प्रविधिको क्षेत्र भएकाले मधेशले अब परिवर्तन गर्नु पर्ने बताए । उनले मधेशलाई ज्ञानको केन्द्र बनाउन कांग्रेस मधेश झरेको बताए ।

उनले भने, 'मधेशको शिक्षा नभएको भए आज पहाडमा गणित राम्रो पढाइ हुँदैनथ्यो । पहाडमा मधेशका शिक्षकले पढाएका हुन् । उनकै शिक्षाले देश शिक्षित भएको छ । तर आज मधेशको शिक्षा, स्वास्थ्य र विनाको अवस्था जर्जर छ, यहाँ किसान, उखु किसानको अवस्था, पर्यावरणको अवस्था भयावह छ । खानेपानीको समस्या समाधान गर्न म मधेश आएको हुँ ।'

उनले मधेशले सिङ्गो देशलाई पाल्नसक्ने तागत बोक्न सक्ने बनाउने प्रतिज्ञा गरे । उनले मधेशका या देशका जुनसुकै युवा विदेशमा भए त्यहाँ दूतावास राखेर भए पनि नेपालीको हेरचाह गर्ने व्यवस्था गर्ने बताए । उनले भने, 'अब मधेश वा कुनै क्षेत्रका नेपाली विदेशमा रहेछ भने उसको हेरचाह गर्न नेपाल सरकारले दूतावासको व्यवस्था र कर्मचारीको व्यवस्था गर्छ ।' सभापति थापाले हरेक नेपालीलाई सम्मानित भएर बाँच्न पाउने गरी देश निर्माण नै अबको भिजन भएको बताए ।

## कांग्रेसले देश सम्हालेर देखाउँछ



नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले देश दुखिरहेका बेला भइरहेको चुनावमा सम्हाल्नसक्ने शक्तिले जित्नुपर्ने आवश्यकता रहेको बताएका छन् । बुधबार जनकपुरधाममा आयोजित कांग्रेसको चुनावी सभालाई सम्बोधन गर्दै उपसभापति शर्माले यस्तो बताएका हुन् ।

'हामी जान्दछौँ, यो बेला देशलाई दुखिरहेको छ । मधेशलाई दुखिरहेको छ,' उपसभापति शर्माले भने, 'यो बेला मूल प्रश्न कसलाई जिताउने भन्ने होइन । यो बेला विषय परिस्थितिमा देशलाई कसले सम्हाल्नसक्छ भन्ने हो ।'

अहिले कसले जित्ने भन्ने प्रश्न नै नरहेको उनले बताए । 'कसले जित्ने भन्ने होइन, कसले सम्हाल्ने भन्ने हो । चुनाव त जिन्दगीमा कांग्रेसले कैयौँ जित्यो । हाम्रा लागि जित कुनै अनौठो कुरा होइन,' उनले भने ।

कांग्रेसले जिन्दगीमा कैयौँ चुनाव हारेको बताउँदै उनले हार पनि कुनै अनौठो नभएको उपसभापति शर्माले बताए । 'तर, प्रश्न आजको पद्धति हार्ने कि जित्ने भन्ने छ । प्रश्न–समाजको सद्भाव कसले कायम गर्ने भन्ने छ,' उनले भने । मधेशी भूमि नेपालीलाई सर्वाधिक अन्न दिने भूमि रहेको पनि उनले बताए । 'हामी सबै नेपालीको पेटमा सबैभन्दा बढी अन्न दिने भूमि मधेश हो । हामी मधेशका सबै किसान, किसानको अन्नको एकएक दानाप्रति कृतज्ञता ज्ञापन गर्न मधेश आएको हौँ,' उनले भने ।

# कांग्रेसले सुशासनयुक्त सरकारलाई जोड दिन्छ



नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले बदलिएको कांग्रेसले स्वभाव, चरित्र र आचरण बदलेर सुशासनयुक्त सरकारलाई जोड दिने प्रतिबद्धता व्यक्त गरेका छन् ।

प्रतिनिधिसभा निर्वाचन २०८२ का सन्दर्भमा जानकारी दिन नेपाली कांग्रेसले आज पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले विधि प्रक्रिया र जनताको म्यान्डेटलाई पनि ध्यान दिएर सकारात्मक सोचका साथ पार्टी अगाडि बढ्ने बताए ।

'कांग्रेसले संसदीय प्रजातन्त्रलाई नै स्वीकार गर्दै अगाडि बढेको छ, आज मधेश प्रदेशको जनकपुरको चुनावीसभामा भएको सहभागिताले कांग्रेसलाई मधेशले अपनत्व लिएको विश्वास छ,' प्रवक्ता चालिसेले भने ।

कांग्रेसले देशलाई समुन्नति र सम्मानको केन्द्र बनाउन खोजेको उल्लेख गर्दै उनले सोहीअनुसार भिजन 'टेन' को नारा दिएर दश बुँदामा तयार गरिएको प्रतिज्ञापत्र जनकपुरमा सार्वजनिक भएको बताए ।

कांग्रेसको भिजन टेनमा आधारित प्रतिबद्धता पत्रमा सम्मानित भएर बाँच्न पाउने नेपाल, सपना देख्नसक्ने नेपाल, सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल, पेटभरि खुवाउने र देशलाई चिनाउने नेपाल, ओखती र ओत दिने नेपाल, छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल, बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल, मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल, विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल र समुन्नतिमा लम्कने नेपाल भन्ने शीर्षकमा आमनागरिकको आवश्यकता, समुन्नति र समृद्धिको मार्गचित्रलाई समेटिएको छ ।

**केन्द्रीय समिति बैठकबाट प्रतिज्ञापत्र पारित**

यसअघि नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको भर्चुअल बैठकले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पार्टीको प्रतिज्ञापत्र पारित गरेको थियो । पार्टी सभापति गगनकुमार थापाको सभापतित्वमा बसेको बैठकले पार्टीको प्रतिज्ञापत्र सर्वसम्मत पारित गरेको कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए ।

**रास्वपाको संस्थापक मधेश सभापति शर्मा कांग्रेसमा**

रास्वपा मधेशकी संस्थापक सभापति पार्टी परित्याग गर्दै नेपाली कांग्रेस प्रवेश गरेकी छन् । जनकपुरधाममा आयोजित कांग्रेसको एक कार्यक्रमबीच उनले औपचारिक रूपमा पार्टी प्रवेश गरेकी हुन् । केही दिनअघि नै रास्वपा त्याग गर्ने घोषणा गरेकी शर्माले पार्टी विधि र विधानविपरीत सञ्चालन भएको आरोप लगाएकी थिइन् । उनले रास्वपाको साधारण सदस्यसमेत नरहने गरी पार्टी परित्याग गरेको बताउँदै संगठनभित्र क्षमतावान कार्यकर्ताहरूको उचित मूल्यांकन नहुने वातावरण बनेको टिप्पणी गरिन् ।

'पार्टीभित्र योगदान र क्षमताको कदर नहुने अवस्था सिर्जना भएपछि वैकल्पिक राजनीतिक बाटो रोज्न बाध्य भएँ,' उनले भनिन् । शर्मा मधेश प्रदेशमा रास्वपाको संस्थापक सभापतिको जिम्मेवारी सम्हाल्दै आएकी थिइन् ।

जनकपुरधामस्थित तिरुहुतियागाछीमा आयोजित

बाँकी पृष्ठ २ मा

## व्यवस्था जोगाउन कांग्रेसको बहुमत



नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले बहुमत ल्याउनुपर्ने जोड दिएका छन् । बुधबार जनकपुरधामस्थित तिरहुतिया गाछीमा आयोजित प्रतिज्ञा सभामा नेता निधिले वर्तमान संविधान र लोकतान्त्रिक शासन व्यवस्था जोगाउन कांग्रेसको जित अनिवार्य रहेको बताएका हुन् ।

नेता निधिले सबै कांग्रेस कार्यकर्ता, समर्थक र जनतालाई एकताबद्ध भएर निर्वाचनमा लाग्न आह्वान गर्दै भने, 'अहिले नेपालमा जननिर्वाचित सरकार र संसद् छैन । यसै कारण निर्वाचनमार्फत जनताका प्रतिनिधि निर्वाचित गर्नुपर्छ र तीनै तहमा सरकार निर्माण गर्नुपर्छ । वर्तमान शासन व्यवस्था र लोकतन्त्रलाई बचाउन कांग्रेसको बहुमत आवश्यक छ ।'

उनले संविधानसभामा नेपाली कांग्रेसको नेतृत्वमा तयार भएको वर्तमान संविधान सबै नागरिकका अधिकार सुनिश्चित गर्ने गरी निर्माण गरिएको बताए ।

नेता निधिले यस संविधानको सफल कार्यान्वयनका लागि कांग्रेसको बहुमत आवश्यक रहेको र जनता यसलाई सफल बनाउने जिम्मेवारीमा सहभागी हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेता निधिले पार्टीभित्रको संगठन सुदृढ पार्ने, विभिन्न क्षेत्रका कार्यकर्ता र स्थानीय नेतासँग प्रत्यक्ष संवाद गर्ने र निर्वाचनमा व्यापक मतदान सुनिश्चित गर्ने विषयमा पनि छलफल गरे ।

उनले निर्वाचनमा सबै एकताबद्ध भएर लाग्दा मात्रै कांग्रेसले अपेक्षित सफलता हासिल गर्न सक्ने बताए ।

## गगनको उम्मेदवारीले मधेशको सम्मान

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले सभापति गगन थापाको उम्मेदवारीले मधेशलाई सम्मानित बनाएको बताएका छन् ।

बुधबार जनकपुरधाममा आयोजित प्रतिज्ञा सभालाई सम्बोधन गर्दै यादवले थापाको उम्मेदवारी मधेशका लागि सम्मानको विषय भएको बताएका हुन् । कांग्रेस सभापति थापा काठमाडौँ–४ छोडेर सर्लाही–४ बाट उम्मेदवार बनेका छन् । सभालाई सम्बोधन गर्दै यादवले भने, 'नेपाली कांग्रेसका सभापति गगन थापाले सर्लाही–४ बाट उम्मेदवारी दिएर समग्र मधेशलाई सम्मानित बनाउनु भएको छ ।'

थापाको उम्मेदवारीले मधेशमा कांग्रेसलाई बल मिलेको उनको भनाइ थियो । 'मधेश कांग्रेसमय भएको छ । कांग्रेसबाहेक केही देखिँदैन,' उनले भने । प्रतिनिधि सभाको निर्वाचनमा मधेशका अधिकांश सिट जित्ने उनको दाबी थियो। 'मधेशका ३२ मध्ये ३१ सिट जितिरहेका छौँ । एक सिट छोडेका छौँ,' यादवले भने ।

## मधेश कांग्रेसको माइती हो



नेपाली कांग्रेस मधेश प्रदेशका सभापति एवम् मधेशका मुख्यमन्त्री कृष्ण यादवले मधेशलाई कांग्रेसको माइतीको संज्ञा दिएका छन् ।

बुधबार जनकपुरधाममा आयोजित पार्टीको चुनावी सभालाई सम्बोधन गर्दै सभापति यादवले मधेश नेपाली कांग्रेसका लागि उर्वरा भूमि भएको टिप्पणी गरेका हुन् । 'नेपाली कांग्रेसका लागि मधेश उर्वर भूमि हो । मधेश हाम्रो माइती हो, नैहर हो,' उनले भने, 'यो कुरा हामीले पहिलेदेखि मान्दै आएका छौँ ।'

उनले विगतमा पार्टीभित्र देखिएको मतमतान्तरका कारण संगठन केही कमजोर बने पनि अहिले पुनः एकताबद्ध ढंगले अघि बढिरहेको दाबी गरे । मनोनयन दर्ताको दिनदेखि नै पुराना तथा भुलेबिर्सेका साथीहरू समेत अग्रपंक्तिमा उभिएर पार्टीलाई जिताउन सक्रिय भएको उनले बताए ।

सभापति यादवले प्रदेश सरकार सञ्चालनका क्रममा केन्द्रमा अनुकूल सरकार नहुँदा काम गर्न कठिनाइ भएको अनुभव सुनाउँदै आगामी निर्वाचनलाई ठूलो अवसरका रूपमा लिएको उल्लेख गरे । 'अब विकास र समृद्धिका लागि समन्वय आवश्यक छ,' उनले भने ।



# साहित्यकार आचार्य सम्मानित



**वीरगंज ।**
'बिहारीलाल लाठ कर्मवीर सम्मान'बाट साहित्यकार तथा पत्रकार कुन्द आचार्य सम्मानित भएका छन् ।
रिलिफ सोसाइटी अफ कमर्सले संस्थाका संस्थापक महासचिव तथा पूर्व अध्यक्ष स्वर्गीय बिहारीलाल लाठको १४औँ पुण्यतिथिका अवसरमा आयोजित कार्यक्रममा आचार्यलाई दोसल्ला ओढाई सम्मानपत्रसहित सम्मान गरिएको हो । साहित्यकार आचार्य विगत पाँच दशकदेखि नेपाली भाषा तथा साहित्य, भोजपुरी भाषा–साहित्य, शिक्षण र पत्रकारिता क्षेत्रमा सक्रिय छन् ।
मधेश विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्य, वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतम तथा संस्थाका अध्यक्ष योगेन्द्रप्रसाद यादवलगायतले संयुक्त रूपमा आचार्यलाई सम्मान गरेका थिए ।
सोही अवसरमा समाजका विभिन्न क्षेत्रमा योगदान पु¥याउने जिल्ला निर्वाचन कार्यालय पर्साकी प्रमुख अनामिका रौनियार, योग प्रशिक्षक रामप्रसाद पण्डित, पाइलट सौरभ रौनियार, उद्यमी दिप्ती धुरका र शिक्षिका डा. नेहा अग्रवाललाई पनि सम्मानपत्रले सम्मान गरिएको थियो । संस्थाका सल्लाहकार गणेशप्रसाद लाठले समाजमा उल्लेखनीय काम गर्दै आएका व्यक्तित्वलाई सम्मान गर्ने परम्पराको सुरुवात गरेको बताए ।
उपकुलपति शाक्यले समाज निःस्वार्थ रूपमा योगदान गर्ने व्यक्तिलाई सम्मानित गर्नु उदाहरणीय र सराहनीय कार्य भएको बताए । सम्मानित व्यक्तित्व आचार्यले सम्मानले आफूलाई थप हौसला र प्रोत्साहन मिलेको बताए ।

# 'खोक्रा वाचा बाँड्ने होइन काम गर्ने उम्मेदवार चाहियो'

**सर्लाही ।**
प्रतिनिधि सभा निर्वाचनको मिति नजिकिँदै जाँदा सर्लाही जिल्ला क्षेत्र नम्बर–३ मा चुनावी गतिविधि तीव्र बनेको छ । उम्मेदवारहरू गाउँ–टोल केन्द्रित घरदैलो, भेटघाट र अन्तरक्रिया कार्यक्रममा सक्रिय छन् । तर यसपटक मतदाताको मनोविज्ञान विगतभन्दा फरक देखिएको छ—उनीहरू नाराभन्दा काम हेर्न चाहन्छन् ।
अघिल्ला चुनावमा गरिएको प्रतिबद्धता पूरा नभएको भन्दै धेरै मतदाता असन्तुष्ट देखिन्छन् । सडक, सिँचाइ, कृषि बजार, रोजगारी र सामाजिक सुरक्षाका विषयमा ठोस प्रगति नभएको गुनासो सर्वत्र सुनिन्छ ।
चक्रघट्टा गाउँपालिका–२ का राजनारायण रायका अनुसार स्थानीय तहमा आधारभूत पूर्वाधारकै कमी छ । गुणस्तरीय सडक नहुँदा आवतजावत र कृषि उत्पादन ढुवानीमा समस्या हुने गरेको उनको भनाइ छ ।
बरहथवा नगरपालिका–५ का परीक्षण साहले उखु किसानको बक्यौता भुक्तानीको विषय अझै टुंगो नलागेको बताए । 'उखु हाम्रो मुख्य बाली हो, तर उद्योगसँगको हिसाब–किताब मिलाउन नेतृत्वले प्रभावकारी पहल गरेन,' उनले गुनासो गरे ।
चक्रघट्टा–४ की ज्येष्ठ नागरिक सिया साहले विकाससँगै सामाजिक सुरक्षाको आवश्यकता औँल्याइन् । बेरोजगारी न्यूनीकरण र वृद्धवृद्धाका लागि उचित संरक्षणको व्यवस्था हुनुपर्ने उनको माग छ ।
हरिवन नगरपालिका–३ का अशोक झाले सर्लाही उखु र तरकारी उत्पादनमा अगाडि भए पनि किसानले मल, सिँचाइ र बजार व्यवस्थापनमा निरन्तर समस्या भोगिरहेको बताए ।
कविलासी नगरपालिका–६ का हरिहर यादवले यसपटक दलको झन्डाभन्दा विकास एजेन्डालाई प्राथमिकता दिने धारणा राखे । युवालाई स्वरोजगार, पारदर्शिता र भ्रष्टाचारविरुद्ध स्पष्ट योजना प्रस्तुत गर्ने उम्मेदवार रोज्ने उनले बताए ।
बरहथवा–१२ का दिनेश्वर गुप्ताले डुबान र आगलागीको समस्या हरेक वर्ष दोहोरिने गरेको उल्लेख गर्दै दीर्घकालीन समाधानको माग गरे ।
यस निर्वाचन क्षेत्रमा हरिवन नगरपालिका, बागमती नगरपालिका र चक्रघट्टा गाउँपालिका पूर्ण रूपमा पर्छन् भने बरहथवा नगरपालिकाका केही वडा, कविलासी नगरपालिका–३ देखि ६, बसबरिया गाउँपालिका–४ देखि ६ तथा हरिपुर नगरपालिका–१ समेटिएका छन् ।
प्रतिस्पर्धामा नारायणकाजी श्रेष्ठ (नेपाल कम्युनिस्ट पार्टी (नेकपा)), हरिप्रसाद उप्रेती (नेकपा एमाले), विनोद कुमार खनाल (नेपाली कांग्रेस) र नरेन्द्र साह कलवार (राष्ट्रिय स्वतन्त्र पार्टी) सहित अन्य उम्मेदवार छन् ।
अघिल्लो निर्वाचनमा नेकपा एमालेका हरिप्रसाद उप्रेती झिनो मतान्तरले विजयी भएका थिए । यसपटक भने मतदाता विकास, कृषि सुधार, उखु किसानको भुक्तानी, डुबान नियन्त्रण, रोजगारी सिर्जना र सुशासनका एजेन्डामा स्पष्ट दृष्टिकोण राख्ने उम्मेदवारतर्फ झुकिने संकेत देखिन्छ ।
समग्रमा, सर्लाही–३ का मतदाता अब भाषणभन्दा परिणाम चाहन्छन् भन्ने सन्देश चुनावी मैदानमा स्पष्ट सुनिन थालेको छ ।

# मधेश प्रदेशलाई संवेदनशील क्षेत्र घोषणा

**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने निर्वाचनलाई ध्यानमा राख्दै मधेश प्रदेशलाई संवेदनशील क्षेत्र घोषणा गरिएको छ । प्रदेशभरका २,१६० मतदान स्थलमध्ये १,२३७ स्थललाई अति संवेदनशील र ७६३ स्थललाई संवेदनशील वर्गमा राखिएको छ ।
सप्तरीलाई रेड जोन घोषणा गरिएको छ भने धनुषा र महोत्तरीलाई उच्च जोखिमयुक्त जिल्ला मानिएको छ । निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, म्यादी प्रहरी तथा नेपाली सेना सहित ५० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिने तयारी गरिएको छ । उच्च जोखिम क्षेत्रमा ड्रोन, सीसीटीभी निगरानी, मोबाइल गस्ती तथा सीमा क्षेत्रमा कडा जाँच गरिनेछ । मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलियाका अनुसार खुला सीमामा विशेष निगरानी राखिनेछ भने हतियार ओसारपसार, अवैध नगद तथा मतदातालाई प्रभावित पार्ने गतिविधिमाथि कडा निगरानी गरिनेछ ।
सुरक्षा निकायले मधेशमा हुने निर्वाचनलाई मतदाताका लागि अवसर र सुरक्षाकर्मीका लागि महत्वपूर्ण परीक्षा भएको जनाएको छ ।

# उखुको चलान पुर्जी नपाउँदा किसान हैरान

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीका उखु किसानहरू चिनी मिलसम्म उखु ल्याउन आवश्यक चलान पुर्जी नपाउँदा हैरान भएका छन् । बरहथवा नगरपालिका–१३, बसबरियाका किसान महमजान मियाँले १२ दिनअघि काटेको उखु अझै मिलमा लैजान नपाएको गुनासो गरेका छन् । किसानका अनुसार चिनी मिलले सीमित मात्रामा मात्र चलान दिँदा खेतमै उखु सुक्न थालेको छ । रामनगर गाउँपालिकाका किसान रामप्रवेश यादव र मानपुरका अशोककुमार यादवले समेत चलान पाउन धेरै दिन लाइन बस्नुपरेको बताएका छन् । सर्लाहीमा सञ्चालनमा रहेका इन्दुशङ्कर चिनी उद्योग हरिवन, महालक्ष्मी चिनी उद्योग बगदह र अन्नपूर्ण चिनी उद्योग धनकौल मा अहिले ट्याक्टर र ट्रकको लामो लाइन देखिएको छ । इन्दुशङ्कर चिनी उद्योगका उखु प्रबन्धक योगनारायण रजकले यस वर्ष उखु खेती बढेकाले सबै किसानलाई एकैपटक चलान दिन नसकिएको बताए ।
किसानहरूले भने तालिका बनाएर पालैपालो चलान वितरण गर्न माग गरेका छन् ।

# अत्यावश्यक काम बाहेक बिदा नपाइने

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्ला प्रशासन कार्यालय मलङ्गवामा मंगलबार बसेको कार्यालय प्रमुखहरूको बैठकले फागुन २१ का प्रतिनिधि सभा सदस्य निर्वाचनसम्म कर्मचारीलाई अत्यावश्यक काम बाहेक बिदा नदिने निर्णय गरेको छ ।
बैठकले निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, भयरहित र शान्तिपूर्ण बनाउन खटाइने राष्ट्रसेवक कर्मचारीहरूले आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिएको छ । यस अन्तर्गत सर्लाहीका ६२८ मतदान केन्द्रमा तीन हजार ७६८ कर्मचारी खटाइँदैछन् । निर्वाचन प्रयोजनका लागि आवश्यक सवारी साधन पनि कार्यालयमा उपलब्ध गराइने व्यवस्था मिलाइएको छ ।
सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेका अनुसार, कर्मचारीले सेवा प्रवाहमा असुरक्षा महसुस गरेमा तत्काल प्रमुख जिल्ला अधिकारी वा सुरक्षा निकायलाई जानकारी गराउनुपर्ने निर्णय समेत बैठकले गरेको छ ।

# पर्सा क्षेत्र १ मा ओमप्रकाश सर्राफको घरदैलो अभियान

## रात्रीसभा र युवा सभा मार्फत मतदाताको समर्थनमा वृद्धि



**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर–१ का जनमत पार्टी प्रतिनिधिसभा सदस्य उम्मेदवार ओमप्रकाश सर्राफको चुनावी प्रचारप्रसार तीव्र गतिमा अघि बढिरहेको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै गर्दा सर्राफले आफ्नो घरदैलो अभियान, युवा केन्द्रित सभा र प्रत्यक्ष मतदाता भेटघाटलाई एकसाथ सुदृढ बनाउँदै पर्सा क्षेत्रका गाउँ, टोल र वडाहरूमा सक्रियता देखाएका छन् ।
सर्राफले घरदैलो अभियानमार्फत मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या, गुनासो र अपेक्षाहरू सुनिरहेका छन् । यस क्रममा उनले निर्वाचनमा मात्र नभएर निर्वाचित भएपछिको कामलाई पनि प्राथमिकतामा राख्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।
उनले क्षेत्रको विकासका लागि जनमत पार्टीलाई एकमात्र विकल्प भएको र मधेशका दबाइएका मुद्दाहरूलाई निर्वाचित भएपछि उठाउने दाबी गरे ।
युद्ध स्तरमा नभई सेवा र परिणाममुखी नेतृत्वमा विश्वास राख्ने मतदातालाई समेट्दै सर्राफले समस्या समाधान र विकासमा केन्द्रित एजेन्डा प्रस्तुत गरेका छन् । उनको चुनावी रणनीतिले क्षेत्रीय माग, रोजगारी सिर्जना, पूर्वाधार सुधार, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार ल्याउने योजना स्पष्ट पारेको छ ।
रात्रीसभा कार्यक्रममार्फत पनि सर्राफले युवासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूलाई सक्रिय भूमिका लिन प्रोत्साहित गरेका छन् । युवाहरूले सर्राफको योजना र दृष्टिकोणप्रति उत्साह देखाउँदै उनको पक्षमा समर्थन जनाएको छ । यसले सर्राफलाई युवा मतदाताको आकर्षणको केन्द्र बनाएको विश्लेषकहरूले बताएका छन् ।
सर्राफको नेतृत्व र योजनाबद्ध दृष्टिकोणका कारण मतदाताको झुकाव तीव्र रूपमा बढिरहेको छ । उनले राष्ट्रिय अध्यक्ष डा. सिके राउतसँग मधेशका एजेन्डा स्पष्ट गरी क्षेत्रीय मुद्दाहरू प्रभावकारी रूपमा अघि बढाउने योजना बनाएका छन् । यसले मतदातामा विश्वास र अपेक्षा थपेको छ । उम्मेदवार सर्राफको चुनावी अभियानले जनसम्पर्क, समस्या समाधान र विकासका लक्ष्यलाई जोड दिंदै क्षेत्रीय राजनीतिक वातावरणलाई सशक्त बनाएको छ ।
घरदैलो, भेटघाट र युवा सभा जस्ता कार्यक्रमहरूले मतदातासँगको नजिकको सम्बन्ध स्थापित गर्दै चुनावी रणनीतिलाई मजबुत बनाएका छन् । विशेषगरी युवाहरू र ग्रामीण मतदाताहरूको उच्च सहभागिताले सर्राफको पक्षमा समर्थन बढाएको छ । उनीहरूको उत्साह, सहभागिता र सक्रियता सर्राफको अभियानलाई गतिशील बनाउने मुख्य कारण बनेको विश्लेषकहरूले बताएका छन् ।

# भ्रष्टाचारबाट मुक्तिका लागि जनमतमा मतदानः साह

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
भ्रष्टाचार मुक्त देश र सुशासन कायम गर्नकालागि धनुषा ३को प्रतिनिधिसभाका उम्मेदवार गोपालप्रसाद साहले जनमत पार्टीको पक्षमा मतदान गर्न आग्रह गरेका छन् ।
जनमत पार्टीका प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार गोपाल प्रसाद साहले धनुषा ३को नगराइन्, धनौजी, घोडघास लगायतको स्थानमा घरदैलोकालागि पुगेर सुशासन कायम गर्नकालागि आफ्नो र जनमत पार्टीका पक्षमा मतदान गर्नकालागि मतदाताहरु समक्ष अपिल गरेका हुन् ।
उनले मधेश आन्दोलनबाट प्राप्त उपलब्धि रक्षा गर्न सक्ने क्षमता पनि जनमत पार्टीमै रहेकाले जनमत पार्टीको पक्षमा मतदान गर्नु आवश्यक रहेको बताए ।
सयौं शहीदको बलिदानबाट प्राप्त संघीयता, समावेशिता र मधेशको स्वाभिमान जोगाउन जनमत पार्टीको जित अनिवार्य रहेको दावी समेत गरे ।
उनले संघीयता तथा मधेश विरोधी शक्तिहरूलाई परास्त गर्दै मधेश र मधेशी समुदायको समग्र उत्थानका लागि सबैलाई एकजुट हुन आह्वान गरे । 'देश र मधेशको निकासको स्पष्ट दृष्टिकोण जनमत पार्टी र डा. सिके राउतसँग मात्र छ,' उम्मेदवार साहले भने, 'त्यसैले हर्न छापमा मतदान गरी जनमत पार्टीलाई बलियो बनाउनुपर्छ ।'
घरदैलोको क्रममा उम्मेदवार साहसंगै जनमत पार्टीका विभिन्न नेता तथा कार्यकर्ताहरूको समेत उपस्थिति रहेको थियो । घरदैलो अभियानमार्फत स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै उम्मेदवार साहले मधेशको अधिकार, पहिचान र विकासका लागि जनमत पार्टी निर्णायक शक्ति बन्ने विश्वास व्यक्त गरे ।

# राधेमाई स्थित युवक झुन्डिएको अवस्थामा फेला

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको वीरगंज महानगरपालिका वडा नं. १३ राधेमाईमा एक भारतीय युवक झुन्डिएको अवस्थामा भेटिएका छन् ।
जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार राधेमाईस्थित डेरामा बस्दै आएका भारतका एक युवक बुधबार बिहान आफ्नै कोठाभित्र झुण्डिएको अवस्थामा फेला परेका हुन् । स्थानीयवासीले कोठाको ढोका लामो समयसम्म नखुलेपछि प्रहरीलाई खबर गरेका थिए ।
सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेर ढोका खोली हेर्दा ती युवक झुण्डिएको अवस्थामा मृत भेटिएको प्रहरीले जनाएको छ ।
यस विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## मोटरसाइकल हराएको सूचना

यही मिती २०८२/१०/२५ गते जिल्ला धनुषा, धनुषाधाम नगरपालिका वडा नं.३ स्थित महावीर आयरन स्टोर गोदामको साइडमा पार्किङ्ग गरि राखिएको अवस्थामा बेलुका करिब ५;३० बजे चोरी भएको छ । पाउनु वा फेला पाएको महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क हर्नहुन हार्दिक अनुरोध गर्दछौं ।
नाम : विना पण्डित
ठेगाना : कबिलासी ना.पा.९
फोन नं. ९८०१६०५२०१
डोमिनार :- २५० cc
चेचिस नं. :- MD2B65GX6MCK80349
इन्जिन नं. ;- JFXCMK02438
गाडी नं. :- प्रदेश २ - ०२-००४ प ०३९७


# कांग्रेसले सुशासनयुक्त सरकारलाई जोड ...

कांग्रेसको 'प्रतिज्ञा सभा'का अवसरमा उनलाई पार्टीका केन्द्रीय सभापति गगनकुमार थापाले स्वागत गरेका हुन् ।
पार्टी प्रवेशपछि सम्बोधन गर्दै शर्माले रास्वपामा आफूले योगदान गरे पनि दागी व्यक्तिहरूलाई प्राथमिकता दिइएको आरोप लगाइन् । उनले पार्टीभित्रको निर्णय प्रक्रिया र टिकट वितरणप्रति असन्तुष्टि जनाउँदै आफूले रास्वपा परित्याग गरेको स्पष्ट पारिन् ।
'रास्वपा पार्टीमा दागैदाग भएकाहरूले टिकट पाएपछि मैले गरेको योगदान खेर गएको महसुस भयो । त्यसैले जेनजीको भावना बोकेको र सुशासनमा जोड दिने नेपाली कांग्रेसमा प्रवेश गरेकी हुँ,' उनले भनिन् ।
शर्माले नेपाली कांग्रेस ८० वर्षे राजनीतिक विरासत बोकेको पार्टी भएको उल्लेख गर्दै मधेशको मुद्दालाई प्राथमिकतामा राख्ने दाबी गरिन् । वर्तमान नेतृत्वले मधेशमै आएर उम्मेदवारी दिएको सन्दर्भ उल्लेख गर्दै उनले मधेशी जनताले कांग्रेसलाई साथ दिनुपर्ने धारणा व्यक्त गरिन् ।
उनले विगतका निर्वाचनहरूमा मधेशले नेताहरूलाई मत दिए पनि अपेक्षाअनुसार प्रतिफल नपाएको गुनासो गरिन् । 'हरेक चुनावमा मधेशले नेताहरूलाई भोट दियो । तर, नेताहरूले मधेशलाई चोटैचोट दिए,' उनले भनिन् ।
मैथिली भाषामा सम्बोधन गर्दै शर्माले मधेशका मतदातालाई सक्षम उम्मेदवार छान्न र कांग्रेसका उम्मेदवारलाई समर्थन गर्न अपिल गरिन् । उनले मधेशको विकास र सुशासनका लागि यसपटक परिवर्तनको पक्षमा उभिन आग्रह गरिन् ।
जनकपुरधामबाट कांग्रेसले सार्वजनिक गर्यो प्रतिज्ञापत्र
नेपाली कांग्रेसले जनकपुरधाममा भव्य चुनावी सभा आयोजना गरेर आफ्नो चुनावी प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । 'प्रतिज्ञा सभा' नाम दिइएको कार्यक्रम जनकपुरधामको तिरहुतिया गाछीमा आयोजना गरिएको थियो ।
आगामी निर्वाचनलाई लक्षित गर्दै आयोजित सभामा पार्टीका शीर्ष नेताहरूको उल्लेख्य उपस्थिति रहेको छ । कांग्रेसले आफ्नो चुनावी घोषणापत्रलाई यसपटक 'प्रतिज्ञापत्र' नामकरण गर्दै जनतासामु प्रतिबद्धताहरू सार्वजनिक गरेको हो ।
पार्टीका अनुसार प्रतिज्ञापत्रमा सुशासन, रोजगारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास तथा संघीयताको सुदृढीकरणका विषयलाई प्राथमिकता दिइएको छ । सभामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट नेता कार्यकर्ता तथा समर्थकहरूको उल्लेख्य उपस्थिति रहेको छ ।
निर्वाचन नजिकिँदै जाँदा प्रमुख दलहरूबीच चुनावी प्रतिस्पर्धा तीव्र बन्दै गएको सन्दर्भमा कांग्रेसको यो सभा राजनीतिक दृष्टिले महत्वपूर्ण मानिएको छ ।
नेपाली कांग्रेसले मुलुकमा सुशासन र समुन्नति कायम गर्ने उद्देश्यसहित आफ्नो १० बुँदे विस्तृत भिजन सार्वजनिक गरेको छ ।
भिजनमा पार्टीले आगामी पाँच वर्षभित्र हासिल गर्ने लक्ष्यहरू र 'बदलियो कांग्रेस, बदलिन्छ देश' भन्ने उद्घोषका साथ नागरिकको जीवनस्तर उकास्ने प्रतिबद्धता व्यक्त गरेको छ । कांग्रेसले परिकल्पना गरेको नेपालमा नागरिकको आत्मसम्मानलाई पहिलो प्राथमिकतामा राखिएको छ । जात, धर्म, लिङ्ग वा क्षेत्रका आधारमा हुने विभेद अन्त्य गर्दै हरेक नागरिकले शिर ठाडो पारेर बाँच्न पाउने 'सम्मानित नेपाल' निर्माण गर्ने पार्टीको योजना छ । यसका साथै, विधिको शासनलाई कडाइका साथ लागू गर्दै सत्ता र शक्तिको पहुँचका भरमा पाइने विशेषाधिकार अन्त्य गर्ने र बेथिति तथा हैरानीमुक्त प्रशासनिक सेवा प्रवाह गर्ने संकल्प प्रस्तावमा गरिएको छ ।
भ्रष्टाचार नियन्त्रण र सरकारी सेवामा ढिलासुस्ती अन्त्य गरी नागरिकले घरमै बसेर सेवा पाउने प्रबन्ध मिलाउने सभापति गगन थापाले दाबी गरे । आर्थिक समृद्धिका सन्दर्भमा कांग्रेसले निजी क्षेत्रको प्रवद्र्धन र सम्पत्ति सिर्जनालाई प्रोत्साहन गर्ने नीति अघि सारेको छ । स्वदेशमै रोजगारीको अवसर सिर्जना गरी युवाहरूले नेपालमै भविष्य देख्न सक्ने वातावरण बनाउने र विदेश पलायन रोक्ने रणनीति दस्तावेजमा समेटिएको छ ।
कृषिलाई मर्यादित पेसाको रूपमा विकास गर्दै 'पेटभरी खुवाउने र देशलाई चिनाउने' किसानको नेपाल बनाउन प्रविधि र बजारको उचित व्यवस्थापन गरिने उल्लेख छ । साथै, पर्यटन, ऊर्जा र पूर्वाधारको विकासमार्फत समुन्नतिको बाटोमा लम्कने नेपालको चित्र प्रस्तुत गरिएको छ ।
आधारभूत सेवा सुविधातर्फ शिक्षा र स्वास्थ्यमा राज्यको दायित्व बढाउने प्रतिबद्धता जनाइएको छ । 'ओखती र ओत दिने नेपाल' को परिकल्पना गर्दै उपचारकै कारण कोही पनि गरिब हुनु नपर्ने र गुणस्तरीय स्वास्थ्य बीमा प्रणाली लागू गर्ने जनाइएको छ । त्यस्तै, छोराछोरी पढाउन अभिभावकमाथि आर्थिक भार नपर्ने गरी गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्ने र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने लक्ष्य राखिएको छ ।
कांग्रेसको प्रतिज्ञापत्रलाई सरल शब्दावलीमा 'भिजन टेन' को सार–सङ्क्षेपमा प्रस्तुत गरिएको छ । कांग्रेसले प्रतिज्ञापत्रलाई 'कांग्रेस टु प्वाइन्ट जिरो'को जगका रूपमा व्याख्या गरेको छ । पुनःरुत्थानमा सफल सुरुआत गरेको कांग्रेसले नै जनताबाट इच्छित भविष्य साकार पार्न सङ्कल्प लिएको छ ।

**यस्ता छन् १० भिजन**
१. सम्मानित भएर बाँच्न पाउने नेपाल
२. सपना देख्नसक्ने नेपाल
३. सम्पत्ति र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने नेपाल
४. पेटभरि खुवाउने, देशलाई चिनाउने किसानको नेपाल
५. ओखती र ओत दिने नेपाल
६. छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल
७. बेथिति र हैरानीमुक्त विधिको शासन भएको नेपाल
८. मौलिकतमा गर्व गर्ने आधुनिक नेपाल
९. विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल
१०. समुन्नतिमा लम्किने नेपाल

**प्रतिज्ञा पत्रबारे बिहीबार खुला प्रश्नोत्तर**
नेपाली कांग्रेसले चुनावी प्रतिज्ञा पत्रमा समेटिएका विषयमा खुला प्रश्नोत्तर गर्ने भएको छ । बुधबार जनकपुरमा सार्वजनिक गरेको प्रतिज्ञा पत्रको विस्तृत जानकारी गराउँदै पार्टी सभापति गगनकुमार थापाले खुला प्रश्नोत्तर गर्ने जानकारी दिए ।
बिहीबार दिउँसो १ बजेदेखि काठमाडौँको राष्ट्रिय सभागृहमा हुने 'हाम्रो प्रतिज्ञा–तपाईंको प्रश्न' कार्यक्रममा सभापति थापाले प्रतिज्ञा पत्रका बारेमा देशविदेशबाट प्रश्न लिँदै जवाफ दिनेछन् । सभापति थापाले ठूलो 'एलइडि स्क्रिन'मार्फत प्रतिज्ञापत्रको संक्षेपमा जानकारी गराउने कार्यक्रम रहेको कांग्रेसका प्रवक्ता देवराज चालिसेले बताए ।
उनले भने, 'कांग्रेसले आज मधेशको राजधानी जनकपुरबाट सार्वजनिक गरेको प्रतिज्ञापत्रका बारेमा बिहीबार काठमाडौँमा विस्तृतमा जानकारी दिने र त्यसमा उल्लेखित विषयमा खुला प्रश्नोत्तर कार्यक्रम राखिएको छ ।' प्रविधिको प्रयोग गरेर संसारभरिबाट प्रत्यक्ष रुपमा प्रश्न सोध्न सकिने र त्यसमा प्रत्यक्ष रूपमा सभापतिले जवाफ दिने व्यवस्था गर्न लागिएको प्रवक्ता चालिसेले जानकारी दिए ।
कार्यक्रमस्थल राष्ट्रियसभा गृहमा सहभागीबाट पनि प्रश्न लिने र त्यसको जवाफ सभापतिले थापाले दिने व्यवस्था मिलाइएको छ । कांग्रेसले आफ्नै नेतृत्वमा सरकार बनाउने र आगामी पाँच वर्षमा गर्ने योजनाको खाका प्रतिज्ञापत्रमार्फत सार्वजनिक गरेको छ ।
प्रतिज्ञापत्रमा समेटिएका विषयलाई आम नागरिकले प्रश्न गर्न र जिज्ञासा राख्न पाउने छन् । नेपालको राजनीतिक इतिहासमा चुनावी घोषणापत्रका बारेमा नागरिकले प्रश्न गर्ने र सम्बन्धित दलका नेताले सार्वजनिक र प्रत्यक्ष रूपमा जवाफ दिने अभ्यास पहिलो पटक हुन लागेको

# पर्सा–२ मा अशोक टेमानीको भव्य रात्रीसभा

# विभिन्न दल त्याग्दै सयौँ युवा जसपामा समाहित

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. २७ मा आयोजित जनता समाजवादी पार्टी (जसपा) को रात्रीसभा तथा पार्टी प्रवेश कार्यक्रम उत्साहपूर्ण सहभागितासहित सम्पन्न भएको छ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै पर्सा निर्वाचन क्षेत्र नं. २ का जसपा उम्मेदवार अशोक टेमानीको समर्थनमा आयोजित उक्त कार्यक्रममा सयौँ युवाहरू विभिन्न राजनीतिक दल परित्याग गरी जसपामा प्रवेश गरेका छन् ।



रातिको समयमा आयोजना गरिएको कार्यक्रम नाराबाजी, गीत–संगीत र राजनीतिक सम्बोधनले भरिएको थियो । सहभागी युवाहरूले 'अब परिवर्तन चाहिन्छ' भन्दै क्षेत्रको विकासका लागि नयाँ नेतृत्व आवश्यक रहेको धारणा व्यक्त गरेका थिए । नवप्रवेशीहरूलाई उम्मेदवार टेमानीसहित जसपाका नेता एवं पूर्वमन्त्री रमेश कुर्मी र नेतृ करिमा बेगमलगायतका नेताहरूले अविर–टिका लगाई औपचारिक रूपमा पार्टीमा स्वागत गरेका थिए । स्वागतपछि बोल्दै नेताहरूले युवाशक्तिको साथ र विश्वासले क्षेत्रको राजनीतिक समीकरण परिवर्तन गर्ने दाबी गरे ।

कार्यक्रममा बोल्दै नवप्रवेशी युवाहरूले पर्सा–२ को विकासका लागि टेमानी नै उपयुक्त विकल्प भएको जिकिर गरे । विगतका चुनावमा विभिन्न दल र नेताहरूले आश्वासन मात्रै बाँडेको तर अपेक्षित काम नगरेको आरोप उनीहरूले लगाए । पटक पटकको निराशाजनक अनुभवपछि अब व्यवहारमा परिणाम देखाउने नेतृत्व आवश्यक भएको उनीहरूको भनाइ थियो ।

युवाहरूले टेमानी शिक्षित, अनुभवी र सफल उद्योगी भएकाले विकासको स्पष्ट दृष्टिकोण राख्न सक्ने नेता भएको दाबी गरे । 'हामीलाई भाषण होइन, काम चाहिएको छ,' एक नवप्रवेशीले भने, 'समस्या सुन्ने, बुझ्ने र समाधान खोज्न सक्ने क्षमता टेमानीमा देख्यौं, त्यसैले जसपामा प्रवेश गरेका हौं ।'

टेमानीले पनि युवाहरूको विश्वासप्रति आभार व्यक्त गर्दै क्षेत्रको समग्र विकासलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाए । रोजगारी सिर्जना, शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार, पूर्वाधार विस्तार तथा उद्योग व्यवसाय प्रवद्र्धनमार्फत आर्थिक सशक्तीकरण आफ्नो मुख्य एजेन्डा रहेको उनले बताए । उनले भने, 'पर्सा–२ लाई समृद्ध बनाउने स्पष्ट योजना लिएर मैदानमा उत्रिएको छु । तपाईंहरूको साथले परिवर्तन सम्भव छ ।'

पूर्वमन्त्री रमेश कुर्मीले जसपा मधेश र उत्पीडित समुदायको अधिकारका लागि निरन्तर संघर्षरत पार्टी भएको उल्लेख गर्दै अब विकास र सुशासनको अभियानलाई अगाडि बढाउने समय आएको बताए । नेतृ करिमा बेगमले महिलाहरू र युवाहरूको सहभागिता बढ्दै जानु सकारात्मक संकेत भएको धारणा राखिन् ।

निर्वाचन मिति नजिकिँदै जाँदा पर्सा–२ मा राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ । विभिन्न दलहरू घरदैलो, सभासम्मेलन र संगठन विस्तारमा सक्रिय छन् । तर वडा नं. २७ मा भएको यस रात्रीसभाले जसपाको संगठनात्मक आधार सुदृढ हुँदै गएको सन्देश दिएको राजनीतिक विश्लेषकहरू बताउँछन् ।

# राष्ट्रिय स्वतन्त्र पार्टीको अभियान तीव्र, पर्सा–१ मा हरि पन्तको आक्रामक घरदैलो




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लामा निर्वाचनको माहोल तातिँदै जाँदा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो चुनावी गतिविधि तीव्र बनाएको छ । पर्सा–१ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार तथा रास्वपा पर्सा सभापति हरि पन्तले घरदैलो अभियानलाई थप सक्रिय बनाउँदै संगठन सुदृढीकरण र पार्टी कार्यालय विस्तारलाई समानान्तर रूपमा अघि बढाएका छन् ।

वीरगंजको हरपतगञ्ज क्षेत्रमा आयोजित घरदैलो कार्यक्रममा उल्लेख्य संख्यामा स्थानीय बासिन्दाको सहभागिता देखिएको थियो । टोल टोलमा पुगेर मतदातासँग प्रत्यक्ष भेटघाट गरेका पन्तले सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र जनउत्तरदायी प्रशासनलाई आफ्नो प्रमुख चुनावी एजेन्डा भएको स्पष्ट पारे । उनले परम्परागत राजनीतिक संस्कारबाट आजित नागरिकले अब नयाँ विकल्प रोज्नुपर्ने समय आएको धारणा व्यक्त गरे ।

कार्यक्रमका क्रममा समर्थकहरूले घण्टी बजाउँदै 'जय घण्टी' तथा 'अबकी बार, वैकल्पिक सरकार' जस्ता नाराले वातावरण उत्साहपूर्ण बनाएका थिए । 'राजनीति सेवा गर्ने माध्यम हो, सत्ताको साधन होइन,' भन्ने सन्देश दोहो¥याउँदै पन्तले जनताको अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

घरदैलोका क्रममा स्थानीयवासीले रोजगारी अभाव, कृषि क्षेत्रको समस्या, सडक तथा आधारभूत पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर लगायत समग्र आर्थिक राजनीतिक अस्थिरताबारे जिज्ञासा राखेका थिए । प्रत्युत्तरमा पन्तले योजनाबद्ध, पारदर्शी र परिणाममुखी विकासमार्फत यी समस्या समाधान गर्ने अठोट व्यक्त गरे । साथै, केन्द्र सरकारसँग प्रभावकारी समन्वयका लागि रास्वपालाई समर्थन गर्न आग्रह गरे ।

यसै सन्दर्भमा, पन्तले इनरुवामा रास्वपाको सम्पर्क कार्यालय उद्घाटनसमेत गरेका छन् । उद्घाटन कार्यक्रममा उनले स्थानीयवासीबाट प्राप्त माया, विश्वास र साथप्रति कृतज्ञता व्यक्त गर्दै त्यसलाई सधैं सम्मान गर्ने प्रतिबद्धता जनाए । कार्यक्रम विजय साहको सभापतित्वमा सम्पन्न भएको थियो भने सहजीकरण सन्तोष पटेलले गरेका थिए । महानगर सभापति अमन आलम, जिल्ला सचिव सुदिश प्रजापती, दिलिप कुर्मी, मुकेध पटेललगायत नेताहरूको उपस्थिति रहेको थियो । कार्यालय स्थापनामा सम्साद आलम, तबरेज अहमद र सन्नी कुमार गुप्ताले सक्रिय भूमिका निर्वाह गरेका थिए ।

निर्वाचन मिति नजिकिँदै जाँदा पर्सामा प्रमुख राजनीतिक दलहरू घरदैलो, सभासम्मेलन र संगठन विस्तारमार्फत मतदाता आकर्षित गर्न प्रतिस्पर्धात्मक रूपमा जुटेका छन् । रास्वपाले भने आफूलाई वैकल्पिक राजनीतिक शक्तिको रूपमा स्थापित गर्दै जनसमर्थन विस्तार गर्ने रणनीति अघि बढाएको जनाएको छ ।

# प्रदीप यादवको घरदैलो

# पर्सा–१ मा विकास योजना र मतदाता भेटघाट



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रदीप यादवले वीरगंज महानगरपालिका–११ र १४ अन्तर्गत रानीघाट, श्रीपुर र बहुवरी क्षेत्रहरूमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रममा उनले स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो विगतको योगदान र आगामी क्षेत्रीय विकास योजनाहरू प्रस्तुत गरे ।

यादवले आफू क्षेत्रको हरेक कुनामा परिचित उम्मेदवार भएको उल्लेख गर्दै मतदातालाई सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे । उनले भने, '१० वर्षअघि पर्सा–१ को अवस्था सम्झनुहोस् । सडक, विद्यालय, विवाह भवन, खेलमैदान, मसान घाट, मन्दिर र मस्जिदहरूको अवस्था कस्तो थियो । म निर्वाचित भएपछि भएका विकासका कामहरू तपाईंहरूले आफैं देख्न सक्नुहुन्छ ।'

उनी यस क्षेत्रमा सधैं जनताको सुख–दुःखमा साथ रहने र अन्य उम्मेदवारहरू केवल चुनावी समयमा सक्रिय हुने भएकाले मतदाताले विवेकपूर्ण निर्णय गर्नुपर्ने उल्लेख गरे । साथै, यादवले नेकपा (एमाले) को राष्ट्रियता, आर्थिक समृद्धि र समाजवादी उन्मुख विकासलाई आफ्नो व्यक्तिगत प्रतिबद्धताका रूपमा अँगालेको बताए ।

पूर्व मन्त्रीका रूपमा अनुभव भएका यादवले गरिबी निवारण, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई आफ्नो प्राथमिकताका रूपमा अघि सारेका छन् । उनले आगामी कार्यकालमा यी एजेन्डालाई थप परिणाममुखी बनाउने र क्षेत्रीय विकासका लागि योजनाबद्ध कदम चाल्ने दाबी गरे । कार्यक्रममा नेकपा (एमाले) की केन्द्रीय सदस्य तथा निवर्तमान प्रतिनिधिसभा सदस्य निर्मला देवकोटा, पूर्व केन्द्रीय सदस्य अरविन्द सिंह, जिल्ला उपाध्यक्ष सुन्दर कुर्मी लगायतको उपस्थिति रहेको थियो । सहभागीहरूले यादवको नेतृत्व, अनुभव र क्षेत्रीय ज्ञानप्रति विश्वास व्यक्त गर्दै व्यापक समर्थन जनाए ।

यस घरदैलो कार्यक्रममा बासिन्दाले सडक, शिक्षा, स्वास्थ्य, खेलकुद पूर्वाधार तथा धार्मिक संरचनाको संरक्षण जस्ता स्थानीय मागहरू उठाएका थिए । यादवले ती समस्याहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्ने र आगामी दिनमा निरन्तर घरदैलोमार्फत जनतासँग प्रत्यक्ष संवाद कायम राख्ने प्रतिबद्धता व्यक्त गरे । निर्वाचन नजिकिँदै गर्दा क्षेत्र–१ मा घरदैलो, भेटघाट र संवाद कार्यक्रमहरू तीव्र भइरहेको छ । यस कार्यक्रममा देखिएको व्यापक सहभागिता र उत्साहले यादवको क्षेत्रीय उपस्थितिलाई बलियो बनाएको विश्लेषकहरूले बताएका छन् ।

# रिमा यादवको घरदैलो अभियान

# नगरदाहा क्षेत्रमा उत्साहपूर्ण सहभागिता



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ की उम्मेदवार रिमा यादवले बहुदरमाई नगरपालिका–३ अन्तर्गत नगरदाहा क्षेत्रमा बुधबार सघन घरदैलो अभियान सञ्चालन गरेकी छन् । टोल टोलमा पुगेर उनले स्थानीय मतदातासँग प्रत्यक्ष भेटघाट तथा संवाद गर्दै आफ्नो पक्षमा समर्थन जुटाउने प्रयास गरिन् ।

घरदैलोका क्रममा यादवले विकास, सुशासन र रोजगारी सृजनालाई आफ्नो चुनावी एजेन्डाको केन्द्रमा राखेको बताइन् । परिवर्तनको आवश्यकता औंल्याउँदै उनले मतदातालाई सूर्य छापमा मतदान गर्न आग्रह गरिन्। स्थानीय बासिन्दाले उनलाई आत्मीय स्वागत गर्दै मिठाइ खुवाएर शुभकामना व्यक्त गरेका थिए, जसले कार्यक्रमलाई थप उत्साहपूर्ण बनाएको थियो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य विजय सरावगी, समानुपातिक उम्मेदवार विजय सरावगी, बहुदरमाई नगरप्रमुख सिंहासन साह, नेता शिव पटेल, पुरन कुर्मी, वडा अध्यक्ष सुरेन्द्र यादवलगायत सयौँ नेताकार्यकर्ताको सहभागिता रहेको थियो । अभियान टोलीले नगरदाहाका विभिन्न बस्ती र टोलमा पुगेर नागरिकसँग छलफल गर्दै उनीहरूका समस्या, सुझाव र अपेक्षाबारे जानकारी संकलन गरेको जनाएको छ ।

उम्मेदवार यादवले सडक पूर्वाधार सुदृढीकरण, स्वास्थ्य सेवाको विस्तार, गुणस्तरीय शिक्षा र कृषि क्षेत्रको आधुनिकीकरणलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त गरिन् । विशेषगरी युवाहरूलाई लक्षित गरी रोजगारीका अवसर सिर्जना गर्ने योजना अघि सार्दै उनले क्षेत्रको समग्र आर्थिक सशक्तीकरणमा जोड दिइन् । केन्द्रीय सदस्य सरावगीले रिमा यादवलाई सक्षम, इमानदार र जनतासँग घनिष्ठ सम्बन्ध राख्ने उम्मेदवारका रूपमा प्रस्तुत गर्दै उनलाई विजयी गराउन मतदातासँग अपिल गरे। उनले यस क्षेत्रको दीर्घकालीन विकासका लागि दूरदर्शी नेतृत्व आवश्यक रहेको उल्लेख गरे ।

घरदैलोका क्रममा स्थानीयवासीले खानेपानी समस्या समाधान, सडक मर्मत, स्वास्थ्य सेवा विस्तार तथा बेरोजगारी न्यूनीकरणजस्ता विषय उठाएका थिए । प्रत्युत्तरमा यादवले ती मागलाई प्राथमिकताका साथ सम्बोधन गर्ने आश्वासन दिँदै जनताको विश्वासलाई परिणाममा रूपान्तरण गर्ने प्रतिबद्धता दोहो¥याइन् ।

निर्वाचन नजिकिँदै जाँदा क्षेत्र नम्बर–२ मा उम्मेदवारहरू सक्रिय रूपमा घरदैलो, भेटघाट र संवाद कार्यक्रममार्फत मतदाता आकर्षित गरिरहेका छन् । यसै क्रममा रिमा यादवले पनि निरन्तर रूपमा जनतामाझ पुग्ने र आफ्ना योजना स्पष्ट गर्दै समर्थन माग्ने अभियानलाई थप तीव्र बनाउने बताएकी छन् ।

## रूपेश पाण्डेको घरदैलो

# जनतासँग प्रत्यक्ष संवाद र विकास प्रतिबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्ला, सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ३ अन्तर्गत कटैया र गुलवरिया क्षेत्रमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर–३ का उम्मेदवार रुपेश पाण्डेले घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रमका क्रममा उनले मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो प्रतिबद्धता र क्षेत्रीय विकास योजनाहरू प्रस्तुत गरे । पाण्डेले आफू अन्य उम्मेदवारभन्दा भिन्न, जनताको सेवा र हितमा समर्पित रहेको उल्लेख गर्दै विजयी भएपछि मात्र विकासका कामहरू पूर्ण गर्ने अठोट व्यक्त गरे ।

उनले मतदातालाई झुटो आश्वासनमा नपर्न सचेत गराउँदै आफ्नो अभियान स्वच्छ र पारदर्शी रहेको दाबी गरे । 'विजयी भएपछी म स्पष्ट भिजन र योजनासहित जनताको सेवा गर्ने अवसर दिनेछु,' पाण्डेले भने ।

उम्मेदवारले मतदातासँग आफ्नो विश्वास र जिम्मेवारीको वाचा दोहो¥याउँदै भने कि क्षेत्र नम्बर–३ का नागरिकहरूले उनलाई मतदान गरेर विजयी बनाउने पूर्ण विश्वास राखेका छन् । उनले विकास, पूर्वाधार, शिक्षा, स्वास्थ्य र रोजगारी सिर्जनालाई आफ्नो प्राथमिकतामा राख्ने बताए ।

घरदैलो कार्यक्रममा पूर्वमन्त्री तथा एमाले नेता प्रमोद जैसवाल, मन्जुर आलम, फरमान मियाँ, सुजित गिरी, सन्तोष साह लगायत पार्टीका अन्य नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले पाण्डेयको नेतृत्व क्षमता र जनप्रिय दृष्टिकोणप्रति उत्साहपूर्वक समर्थन जनाए ।

कार्यक्रमका क्रममा स्थानीय बासिन्दाले सडक, स्वास्थ्य सेवा, शिक्षा र कृषि विकासजस्ता विषयमा प्रश्न उठाए । प्रत्युत्तरमा पाण्डेले ती समस्याहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्ने र आगामी दिनमा घरदैलो कार्यक्रममार्फत निरन्तर संवाद जारी राख्ने प्रतिबद्धता व्यक्त गरे ।

निर्वाचन नजिकिँदै गर्दा पर्सा–२ मा उम्मेदवारहरूको घरदैलो, भेटघाट र जनसम्पर्क कार्यक्रम तीव्र बनिरहेका छन् । यस क्रममा पाण्डेको कार्यक्रमले जनतासँगको प्रत्यक्ष सम्पर्क र विश्वासलाई मजबुत बनाएको विश्लेषकहरूले बताएका छन् ।

# सुशील कुमार कानुको घरदैलो

# वीरगंज–३ मा मतदाता भेटघाट र विकास एजेन्डा प्रस्तुत



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–२ का प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार राष्ट्रिय स्वतन्त्र पार्टीका सुशील कुमार कानुले बुधबार वीरगंज महानगरपालिका–३,
छपकैयामा घरदैलो तथा जनता दर्शन कार्यक्रम आयोजना गरेका छन् । कार्यक्रममा उनले स्थानीय मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्ना विकास योजना र प्रतिबद्धताहरू प्रस्तुत गरे ।

कानुले रास्वपाको करार पत्रअनुसार आगामी पाँच वर्षसम्म जनताको सेवा गर्ने वाचा गर्दै पर्सा क्षेत्रको जीवनस्तर उकास्ने र भुँई तहका नागरिकहरूको आवाज संसद्मा पु¥याउने बताएका छन् ।

उनले भने, 'मसँग पर्साको सर्वाङ्गीण विकासका लागि स्पष्ट एजेन्डा, रोडम्याप र ब्लु प्रिन्ट छ ।'

उक्त कार्यक्रममा कानुले विगतका निर्वाचित प्रतिनिधिहरूमाथि रोजगार, शिक्षा, स्वास्थ्य र पूर्वाधार क्षेत्रमा पर्याप्त काम नगरेको आरोप लगाउँदै निर्वाचित भए तुरुन्तै परिवर्तन गर्ने दाबी गरे ।

उनले मतदातालाई घण्टी चुनाव चिन्हमा मतदान गर्न आग्रह गर्दै रास्वपाका सबै उम्मेदवारलाई विजयी गराएर मधेशी समुदायका बालेन्द्र शाहलाई देशकै पहिलो प्रधानमन्त्री बनाउन सकिने बताएका छन् ।

कानुले शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासमा प्राथमिकता दिने प्रतिवद्धता दोहो¥याए । साथै मुस्लिम महिला र युवाहरूलाई रोजगारीमुखी तथा सीपमूलक तालिम प्रदान गर्ने योजना अगाडि सार्ने बताए । कार्यक्रममा छपकैयाका स्थानीयवासी, विशेषगरी युवाहरू र ज्येष्ठ नागरिकहरूको उल्लेखनीय सहभागिता देखियो । युवा मतदाताहरूले उत्साहपूर्वक स्वागत गर्दै 'परिवर्तनका लागि घण्टीमा मत हालौँ' भन्ने नारासहित समर्थन जनाए ।

संचालन समितिका अनुसार कार्यक्रमले क्षेत्रीय विकास र जनप्रतिनिधित्वका मुद्दामा कानुको स्पष्ट दृष्टिकोण र योजना जनसमुदायसमक्ष प्रभावकारी रूपमा प्रस्तुत गरेको छ ।

मतदातासँग प्रत्यक्ष संवाद गर्दै उनले जनताको माग, समस्या र अपेक्षाहरू सुनेका थिए र ती प्राथमिकताका आधारमा आफ्नो कार्यसूची निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरे । निर्वाचन नजिकिँदै गर्दा पर्सा–२ मा घरदैलो, जनता भेटघाट र संवाद कार्यक्रमहरू तीव्र गतिमा सञ्चालन भइरहेका छन् । कानुको यो कार्यक्रममा देखिएको व्यापक सहभागिता र उत्साहले रास्वपाको क्षेत्रीय उपस्थितिलाई बलियो बनाएको विश्लेषकहरूले बताएका छन् ।

## सम्पादकीय

# मधेशमा सुरक्षा चुनौती र निर्वाचनको निष्पक्षता

आसन्न प्रतिनिधि सभा निर्वाचनको पूर्वसन्ध्यामा मधेश प्रदेशको सुरक्षा अवस्थालाई लिएर सुरक्षा निकायले व्यक्त गरेको चिन्ता मननीय छ । भारतसँगको झन्डै ४ सय ६४ किलोमिटर लामो खुला सिमाना र भौगोलिक सुगमताका कारण यो क्षेत्र सुरक्षाका दृष्टिले सधैँ संवेदनशील रहँदै आएको छ।

निर्वाचन नजिकिँदै गर्दा सिमाना पारिबाट हुनसक्ने अवाञ्छित घुसपैठ, अवैध हतियारको ओसारपसार र आपराधिक समूहहरूको चलखेलले आममतदातामा त्रास पैदा गर्ने जोखिम बढाएको छ।

मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कले तस्बिर अझ भयावह देखाएको छ । चालु आर्थिक वर्षको सुरुवाती केही महिनामै ५६ वटा हत्याका घटना हुनु र त्यसमा पनि सप्तरी जस्तो जिल्लामा मात्रै १३ जनाले ज्यान गुमाउनुले कानूनी राज्यको उपहास गरेको भान हुन्छ । सिरहा र सर्लाहीमा दिनदहाडै गोली प्रहार गरी हत्या गरिएका घटनाका दोषी अझै पहिचान हुन नसक्नुले सुरक्षा संयन्त्रको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरिदिएको छ । यस्ता बेवारिसे अपराधले अपराधीहरूको मनोबल बढाउने र आम नागरिकको सुरक्षा भरोसा घटाउने निश्चित छ।

निर्वाचन विरोधी गतिविधि र सम्भावित भूमिगत समूहहरूको सक्रियता अर्को ठुलो चुनौती हो । राजनीतिक आडमा हुने आपराधिक क्रियाकलाप वा साम्प्रदायिक सद्भाव भड्काउन खोज्ने तत्वहरूलाई समयमै नियन्त्रण गर्न नसके निर्वाचनको निष्पक्षता ओझेलमा पर्न सक्छ । फागुन २१ गते हुने भनिएको निर्वाचनलाई लक्षित गरी प्रदेशलाई संवेदनशील क्षेत्र घोषणा गरिनुले राज्यले जोखिम महसुस गरेको त देखिन्छ, तर घोषणालाई व्यवहारमा उतार्न विशेष कार्ययोजनाको खाँचो छ।

सुरक्षा निकायले केवल तथ्याङ्क सङ्कलनमा मात्र सीमित नभई अपराधीहरूको पक्राउ र कारबाहीमा तदारुकता देखाउनुपर्छ । विशेष गरी पेस्तोल र साना हतियारको अवैध प्रयोग रोक्न सीमा नाकामा कडा निगरानी र विशेष 'सर्च अपरेसन' चलाउनु अनिवार्य छ । जबसम्म जनताले आफू सुरक्षित रहेको महसुस गर्दैनन्, तबसम्म उनीहरूले निर्धक्क भएर आफ्नो मताधिकार प्रयोग गर्न सक्दैनन्। तसर्थ, प्रहरी प्रशासनले आफ्नो गुप्तचरी संयन्त्रलाई मजबुत पार्दै शङ्कास्पद गतिविधिमा संलग्नहरूलाई कानुनी दायरामा ल्याउन ढिलाइ गर्नु हुँदैन।

अन्ततः निर्वाचन लोकतन्त्रको प्राण हो र यसलाई भयरहित वातावरणमा सम्पन्न गर्नु राज्यको पहिलो दायित्व हो । राजनीतिक दलहरूले पनि आफ्ना कार्यकर्तालाई संयमित बनाउँदै सुरक्षा निकायलाई सहयोग पुऱ्याउनुपर्छ।

मधेशका आठै जिल्लामा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन सके मात्र आसन्न निर्वाचनको सान्दर्भिकता पुष्टि हुनेछ। अन्यथा, अशान्ति र डरको छायामा हुने निर्वाचनले जनमतको सही कदर गर्न सक्ने छैन।

## 'लोकतन्त्रका आधार नै युवा पुस्ता हुन्'

**विद्यादेवी भण्डारी, पूर्वराष्ट्रपति**

सर्वप्रथमतः लोकतन्त्र दिवसका पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

हामीले लोकतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलनहरूमा जीवन आहुति दिने ज्ञात–अज्ञात सहिदहरूको योगदानलाई सधैँ उच्च सम्मानका साथ स्मरण गर्नुपर्छ । उनीहरूको त्याग र बलिदानले नै आजको उपलब्धि सम्भव भएको हो । तसर्थ, उनीहरूको योगदानको सम्मान गर्दै लोकतान्त्रिक मूल्य–मान्यतालाई व्यवहारमा उतार्नु हाम्रो साझा जिम्मेवारी हो।

लोकतान्त्रिक संस्थाहरूलाई सुदृढ गर्दै संविधानको प्रभावकारी कार्यान्वयनमार्फत स्थायित्व, सुशासन र विकास सुनिश्चित गर्नु हाम्रो साझा दायित्व हो।

नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्र हाम्रो राष्ट्रिय गौरव र ऐतिहासिक उपलब्धि हो । इतिहासलाई फर्केर हेर्ने हो भने नेपालको राष्ट्रिय एकीकरणको चरणदेखि २००७ सालको क्रान्ति होस् वा २०४६ सालको जनआन्दोलन वा २०६२–६३ सालको जनआन्दोलन सफल हुनुमा नयाँ पुस्ताको अग्रणीि भूमिका रहेको देखिन्छ । युवाहरुकै युवाहरूकै वलिदानबाट बलिदानबाट नेपाली जनताले आफूलाई राज्यसत्ताको वास्तविक स्रोतका रूपमा स्थापित गरेका हुन् । युवा ऊर्जाशील रगतको बलमा नै देशको सार्वभौमिकता, स्वाभिमान र तथा जनजीवनमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । जनजीविकामा सुधार आउन सक्छ । देशको आवश्यकतामा उपयोग हुने युवा शक्तिमा कदापि अराजकता र, अधैर्यता हुनुआउन हुँदैन । कसैप्रति द्वेष, घृणा र विध्वंशको भाव नराखी राष्ट्रप्रति जिम्मेवार र उत्तरदायी बन्नुपर्दछ । हुँदै सार्वभौमिकता, स्वाभिमान र जनजीविकाप्रति संयम हुन आवश्यक छ । लोकतन्त्रका मुख्य आधारस्तम्भ भनेकै युवापुस्ता हुन् । नेपालको विविधता र राजनीतिक विभाजनबीच राष्ट्रिय एकता कायम राख्न सहमति र सहकार्य अपरिहार्य रहेको छ।

युवापुस्तालाई विशेष रूपमा सम्बोधन गर्नु आजको आवश्यकता हो । तथापि, त्यसक्रममा ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू तथा अन्य सबै सीमान्तीकृत समुदायका मुद्दा र सरोकारलाई बिर्सनु कदापि हुँदैन । लोकतान्त्रिक समाजमा सबै वर्ग, उमेर समूह र समुदाय एकअर्कासँग जोडिएर एउटै सामाजिक संरचनाभित्र सहअस्तित्वका साथ बाँचिरहेका हुन्छन्।

यसकारण, राज्यका नीति, कार्यक्रम र राजनीतिक अभ्यासहरू समावेशी, न्यायपूर्ण र सन्तुलित हुनुपर्छ । कुनै एक वर्गको मात्र सशक्तीकरणले लोकतन्त्र बलियो हुँदैन, समाजका सबै वर्ग र समुदायको समान सहभागिता, संरक्षण र सम्मान सुनिश्चित गर्न सकेमा मात्र लोकतान्त्रिक प्रणाली दिगो र प्रभावकारी बन्न सक्छ । तसर्थ नेपालको विविधता र राजनीतिक विभाजनको अवस्था बीच राष्ट्रिय एकता कायम राख्न सहमति र सहकार्य अपरिहार्य रहेको छ।

प्रजातन्त्रले लोकतन्त्रले नेपाली जनतालाई आफ्नो शासन आफैँ गर्ने अधिकार प्रदान गरेको छ । प्रजातन्त्र लोकतन्त्र केवल शासन प्रणाली मात्र नभई जनताको अधिकार र कर्तव्यबीचको सन्तुलन हो । अधिकारको उपभोगसँगै कर्तव्यप्रति सचेत हुँदै सामाजिक सद्भाव, राष्ट्रिय एकता, सहिष्णुता र पारस्परिक सम्मानलाई बलियो बनाउनु आजको आवश्यकता हो । लोकतान्त्रिक मूल्य–मान्यता व्यवहारमा उतार्न सके मात्र यसको प्रजातन्त्रको सार्थकता प्रमाणित हुन्छ । सामाजिक सद्भाव, राष्ट्रिय एकता, सहिष्णुता र पारस्परिक सम्मानलाई बलियो बनाउँदै समृद्ध नेपाल निर्माणतर्फ अघि बढ्नु आजको आवश्यकता हो।

लोकतन्त्रलाई सफल बनाउन नागरिकको सक्रिय सहभागिता र जिम्मेवारीबोध अपरिहार्य रहेको हुन्छ । नागरिक सचेत, सूचित र सक्रिय नभएसम्म लोकतन्त्रको सार्थकता स्थापित हुन सक्दैन । त्यसैले लोकतन्त्रको रक्षा र सुदृढीकरणमा राज्य, राजनीतिक दल र नागरिक सबैको साझा दायित्व हुन्छ । जनताको सार्वभौमसत्ता, विधिको शासन, मानवअधिकारको संरक्षण, अभिव्यक्ति स्वतन्त्रता तथा समावेशी सहभागिताको सुनिश्चितता प्रजातान्त्रिक लोकतात्रान्त्रिक व्यवस्थाका आधारस्तम्भ हुन् । यी मूल्य–मान्यतालाई व्यवहारमा रूपान्तरण गर्न राज्यका सबै अङ्ग, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र आम नागरिकबीच सहकार्य र उत्तरदायित्व आवश्यक अपरिहार्य छ । राजनीतिक दलपार्टीहरुहरूले आफूले अवलम्बन गरेका नीति, कार्यक्रम र सिद्धान्तको कार्यान्वयनबारे निरन्तर समीक्षा गर्दै समयानुकूल आफ्ना पार्टीका नीति, कार्यक्रम तथा र कार्यशैलीमा सुधार गर्दै लैजानुपर्छ । पार्टीभित्र स्वच्छ प्रतिस्पर्धात्मको निर्वाचनको अभ्यासका साथै, आन्तरिक बैठक छलफल गर्दा राष्ट्रिय एजेण्डालाई प्राथमिकतामा राख्न जरुरी छ । साथै, आज जलवायु परिवर्तनको प्रभावका कारण हाम्रो स्वास्थ्यदेखि पृथ्वीकै स्वास्थ्यमाथि गम्भीर सङ्कट देखा पर्न थालेकाले यस्ता विषयहरुहरूलाई पनि बहसमा बहसमा ल्याउन आवश्यक छुपर्ने हुन्छ।

यस व्यवस्थालाई थप सुदृढ बनाउन राज्यका सबै अङ्ग, राजनीतिक दल, नागरिक समाज तथा आम नागरिकबीच सहकार्य र आपसी विश्वास आवश्यक छ।

युवालाई रोजगारीको सुनिश्चितता, राज्यका सेवा प्रवाहलाई पारदर्शी, सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सकिएमा लोकतन्त्र प्रजातन्त्रप्रतिको जनविश्वास र आस्था अझ बढेर जानेछ । लोकतन्त्र केवल राजनीतिक व्यवस्था मात्र नभई नागरिकको सहभागिता, पारदर्शिता, उत्तरदायित्व र सामाजिक न्यायको सुनिश्चितता गर्ने जीवनशैली पनि हो । हामीले लोकतन्त्रलाई केवल अधिकारको उपभोगमा सीमित नराखी कर्तव्यबोधसँग जोड्नुपर्छ । सामाजिक सद्भाव र राष्ट्रिय एकतालाई मजबुत बनाउँदै भ्रष्टाचार नियन्त्रण, पारदर्शिता प्रवद्धद्र्धन तथा जनमुखी सेवा प्रवाहमार्फत नागरिकको जीवनस्तर उकास्नु आजको आवश्यकता हो । लोकतन्त्रको रक्षा र प्रवद्र्धनमा हामी सबै सचेत, जिम्मेवार र प्रतिबद्ध हुन आवश्यक छ।

अन्त्यमा लोकतन्त्रको रक्षा र प्रवद्र्धनमा हामी सबै सचेत, जिम्मेवार र प्रतिबद्ध हुन आवश्यक छ । लोकतन्त्रको महत्वपूर्ण आधार भनेकै आवधिक निर्वाचन पनि हो । मुलुक यतिबेला विषम परिस्थितिमा आम निर्वाचनको संघारमा रहेको छ । निर्धारित मितिअगावै एक किसिमले भन्ने हो भने यसलाई मध्यावधि निर्वाचन नै भन्न सकिन्छ । देशले गत भदौ २३ र २४ गते ठूलो दुर्घटना भोग्नुप¥¥यो । आगामी दिनमा यस्ता घटना कहिल्यै दोहोरिन दिनुहुँदैन । यतिबेला पूर्व राष्ट्रपतिको हैसियतमा मैले आम नागरिकसँगै निर्वाचनमा आफ्नो अभिमत व्यक्त गरिरहँदा क्षणिक सस्तो लोकप्रियताका कुरामा भन्दा जिम्मेवार ढङ्गबाट गर्न आह्वान गर्न चाहन्छु । भोलि कुनै पनि खालको अनिष्ठ देशले भोग्न नपरोस् भन्ने कुरामा ख्याल राख्दै राजनीतिक स्थायित्व, आर्थिक समृद्धि, सुशासन र जनजीविकामा सुधार ल्याउनसक्ने पार्टीलाई मतदान गर्नुपर्ने अवसर हाम्रासामु आएको छ । रासस

## नेपाली क्रिकेटले फर्काएको मुस्कान



**राजु सिलवाल**

'बाह्र वर्षमा खोला पनि फर्कन्छ' भन्ने उखानजस्तै नेपाली क्रिकेट टिमले १२ वर्षपछि पहिलोपटक विश्वकपको खेलमा ऐतिहासिक जित हासिल गर्दै उदाउँदो नेपाल क्रिकेट मुलुक भएको पुष्टि गरेको छ।

नेपालले सन् २०१४ मा पुरुष 'टि ट्वान्टी' विश्वकपमा पहिलो पटकको सहभागिता जनाएको बेलानै हङकङ तथा अफगानिस्तानलाई पराजित गर्न सफल भएको थियो । सन् २०२४ को विश्वकपमा कुनै जित हात पार्न नसकेको नेपालले यसपालि भारत तथा श्रीलङ्कामा जारी रहेको 'टि ट्वान्टी' पुरुष विश्वकपका तीन खेलमा पराजित भई प्रतियोगिताबाट बाहिरिसकेपछि सम्पूर्ण नेपाली टिमका साथै समर्थकहरु स्तब्ध भइसकेका थिए। उज्यालो अनुहार कसैको थिएन तर मङ्गलबार मुम्बईस्थित वानखेडे रङ्गशालामा आयोजित अन्तिम नेपालको सान्त्वना जित भएको हेर्न पाइन्छ कि भन्ने झिनो आशा बोकेर उपस्थित भएका समर्थकहरुले स्कटल्याण्डविरुद्ध सात विकेटको विजयपछि खेलाडीहरुले गुमाइसकेको आत्मसम्मान पुनः फर्काएको महसुस गरेका छन् । उक्त खेलको प्रारम्भमा प्रतियोगिताबाट बाहिरिसकेको अर्को टिम स्कटल्याण्ड हाबी भएता पनि नेपालले पाँच ओभरमा छ विकेट लिएपछि खेल लयमा फर्किएको थियो।

नेपालका तर्फबाट तीन पटक विश्वकप खेलेका सोमपाल कामीले अन्तिम खेलमा लिएको सर्वाधिक तीन विकेटले नेपाललाई जितको भागीदार बनाउन महत्वपूर्ण योगदान ग¥यो । यस्तै नन्दन यादवले दुई तथा कप्तान रोहित पौडेल, कुशल भुर्तेलले एक एक विकेट लिँदै खेलमा सानदार पुनरागमन गरेका थिए।

यसैगरी स्कटल्याण्डविरुद्धको खेलमा विष्फोटक ब्याटिङ गरेर मुलुककै लागि पहिलोपटक 'म्यान अफ दि म्याच' पुरस्कार प्राप्त गरेका दीपेन्द्रसिंह ऐरीको कीर्तिमानी रनले मुलुकलाई ऐतिहासिक जित दिलाउन उत्कृष्ट योगदान दिएको थियो । उनले मङ्गलबार २३ बलमा ५० रन बनाई यसपटकको विश्वकपमा दोस्रोपटक अर्धशतक बनाउने नेपाली कीर्तिमानी खेलाडी बन्न सफल हुनु मुलुककै क्रिकेट इतिहासको महत्वपूर्ण उपलब्धि मानएको छ । यसअघि वेष्ट इण्डिजसँगको खेलमा पनि उपकप्तान दीपेन्द्रसिंह ऐरीले अर्धशतक बनाएर नेपालको यसअघि रहेको कीर्तिमान तोड्न सफल भएका थिए । सन् २०१४ मा नेपालका तर्फबाट सुभाष खकुरेलले ५६ रन बनाई विश्वकपमा पहिलो नेपाली अर्धशतकको कीर्तिमान कायम गरेका थिए । दिपेन्द्रले भने ४४ बलमा ५८ रन बनाएर अघिल्लो कीर्तिमान तोडेका नेपाली क्रिकेट प्रेमीहरुलाई उत्साहित बनाएका थिए । हारैहारपछि प्राप्त भएको जितले नेपाली टिममाथि अत्यधिक मात्रामा भइरहेको आलोचना कम गर्न केही हदसम्म भए पनि कम भएको महसुस गरिएको छ । यसपटकको विश्वकपको अनुभवले नेपालको किक्रेटलाई समयोचित लयमा अघि बढाउन विशेष अभियान नै चलाउनुपर्ने अवस्था सिर्जना भएको छ । मुलुकको प्रतिष्ठासँग गासिएको विश्वकपजस्तो उच्चस्तरीय प्रतियोगितामा नेपालको लगातार लज्जाजनक हार भएपछि अब नेपाल सरकारकै नेतृत्वमा विश्वकपसम्मको यो महत्वपूर्ण यात्रालाई अझ फराकिलो रुपमा निरन्तर अघि बढाउन प्रमुख प्राथमिकता दिनुपर्ने आवश्यकता महसुस गरिएको छ।

तेस्रो पटक विश्वकपमा प्रवेश पाएको नेपाली टिम यसपालि पहिलोपटक सुपर आठमा पुग्ने लक्ष्य राख्दै मुम्बई पुगेको थियो तर सन् २०१४ पछि १२ वर्षसम्म पनि विश्वकपका कुनै पनि खेल जित्न नसकेर प्रारम्भिक चरणबाटै बाहिरिएपछि निरास भई स्वदेश फर्कने क्रममा रहेको नेपाली टिमले उत्कृष्ट प्रदर्शन गर्दै वाईल्ड कार्डमार्फत विश्वकपमा खेलेको स्कटल्याण्डलाई हार चखाएको थियो।

**इतिहासमै खराब प्रदर्शन**

तीन पटक विश्वकप खेलको अनुभव हासिल गरिसकेको नेपाल पहिलोपटक विश्वकपमा प्रतिस्पर्धामा उत्रेको इटालीसँग मुम्बईमा शर्मनाकले पराजित हुनु सामान्य प्रसङ्ग होइन । नेपालले खराब ब्याटिङ प्रदर्शन गर्दा विश्वकपको नयाँ प्रवेशी इटालीसँग हार ब्यहोर्नुपरेको थियो । दुईपटक विश्व विजेता भइसकेको इङ्गल्याण्डसँग चार रनको झिनो अन्तरले मात्र पराजित भएपछि नेपाली टोलीको महत्वाकांक्षा तथा अपेक्षा बढ्दै गएर 'टि ट्वान्टी' क्रिकेटमा पहिलोपटक १० विकेटले पराजित हुने अवस्थामा पुगेको थियो । नेपाल इटलीसँगको प्रतिस्पर्धामा १९.३ ओभरमा १२३ रनको सामान्य स्कोरमा अलआउट भएको थियो । नेपाली खेलाडीहरुले प्रभावशाली स्कोर बनाउन नसकेर चुनौतीपूर्ण लक्ष्य दिन नसकेपछि हार ब्यहोर्नु परेको थियो।

इटलीले भने कुनै पनि विकेट नगुमाएर १२.४ ओभरमा ४४ बल बाँकी रहँदै लक्ष्य हासिल गरेको थियो । इटलीका ओपनर एन्थोनी र जस्टिन मोस्का दाजुभाइबीचको १२४ रनको साझेदारी विजयको प्रमुख कारक बन्न पुग्यो । मानसिक दृढता कमी भएको नेपाली टिम ब्याटिङ, बलिङ र फिल्डिङमा सुस्त प्रदर्शनको कारण हार्न पुग्यो । नेपाली खेलाडीहरुलाई जित्नै पर्ने मानसिक दबाब प्रसस्त मात्रामा परेको महसुस गरिएको थियो । नेपालको ब्याटिङ र बलिङ दुवैमा रणनितिक कार्यान्वयनको समस्या देखिएको थियो । नेपालको ब्याटिङ पतन र कम योगफलको तुलनामा इटलीको क्लिनिकल र अनुशासित बलिङले नेपाललाई सहजै पराजयको बाटोतर्फ उन्मुख गराएको थियो । त्यसपछि नेपाल वेष्ट इण्डिजसँग नौ विकेटले भएको पराजयलाई पनि नेपाली खेलप्रेमीहरुले सहज रुपमा लिन सकिरहेका छैन । उत्कष्ट लयमा रहेको वेष्ट इण्डिज नेपाललाई हराएपछि अघिल्लो चरण सुपर आठमा प्रवेश गर्न सफल भएको थियो।

**हारेर पनि मन जित्दा**

नेपाल र इङ्गल्याण्डबीचको खेललाई नेपालले हार्दाहार्दै पनि मन जितेको खेलका रुपमा अविस्मरणीय बन्न पुग्यो । नेपालले यसपालि विश्वकपमा खेलेको उक्त पहिलो प्रतिस्पर्धामा राम्रो खेल प्रदर्शन गर्दा गर्दै पनि हार्न पुगेको प्रसङ्गलाई नेपाली क्रिकेटप्रेमीहरुले भुल्न सकेका छैनन् । दुईपटक विश्वकप जितिसकेको इङ्ल्याण्डसँग नेपाल खेलमा हारेर पनि सम्पूर्ण नेपालीको मन जित्न सफल भएको थियो । उक्त खेलमा नेपालले पूरै खेल अवधिभर क्रिकेटको जन्मदाता मुलुकलाई पूरै चुनौती दिंदादिंदै पनि चार रनको झिनो अन्तरले पराजित हुन पुगेको थियो । क्रिकेटको उदाउँदो मुलुकको रुपमा परिचय बनाउन सफल नेपाल विश्वकपमा समेत कमजोर टिम नभएको महसुस गराएको थियो।

नेपाली समर्थकहरुले खचाखच भरिएको वानखेडे रङ्गशालामा नेपाली खेलाडी लोकेश बमले बनाएको २० बलमा ३९ रन प्रशंसनीय थियो तर इङ्गल्याण्डका ह्यारी ब्रुक र ज्याकब बेथेलले बनाएको अर्धशतकले खेलमा नेपाललाई हराउन उल्लेखनीय भूमिका खेल्यो । त्यसखेलमा नेपाललाई जितको बाटोमा अघि बढाएका कप्तान रोहित पौडेल र उपकप्तान दीपेन्द्रसिंह ऐरी आउट भएपछि नेपालको प्रदर्शन सुस्त हँुदै गएको थियो । अन्तिम ओभरमा १० रन आवश्यक भएको बेला करण केसीको बलिङले बाउन्ड्री पार गर्न नसक्दा नेपाल छ रन मात्र बनाएर निराशाजनक नतिजा व्यहोर्न बाध्य भएको थियो।

**बिर्सन कठिन समर्थन**

विश्वकप क्रिकेट हेर्न विभिन्न मुलुकका दर्शकहरु भारत तथा श्रीलङ्का पुगेका छन् । नेपालको चारवटै खेल खेलाइएको मुम्बई पुगेका नेपाली दर्शकहरुको संख्या पनि उल्लेखनीय रहेको थियो । प्रतियोगिता हेर्न नेपालबाट समेत हजारौँ दर्शक पुगेका थिए । भारतका विभिन्न स्थानका साथै विश्वका अन्य मुलुकबाट समेत नेपालीहरु मुलुकको टिमको समर्थन गर्न त्यहाँ उपस्थित भएका थिए । मुम्बईस्थित वानेखेडे रङ्गशालामा नेपालको खेल परेका दिनहरुमा देखिएको राताम्मे दृष्यले विश्वकै क्रिकेटप्रेमीहरुलाई उत्साहित बनाएको थियो।

नेपाली राष्ट्रिय क्रिकेट टिमको रातो जर्सी लगाएर दर्शक दिर्घामा बसेका असंख्य समर्थकहरुले नेपालको पक्षमा नारा लगाउँदै रङ्गशाला गुन्जायमान गराएका थिए । विभिन्न नेपाली गीत तथा नृत्यहरुको मनमोहक प्रदर्शनले वातावरण रोचक बनाएको थियो । नेपालतथा इङ्गल्याण्डबीच खेल भएको दिन रङ्गशालामा २० औँ हजार दर्शकको उपस्थिति रहेको थियो । भारतीय भूमिमा भारतको खेल नभएको बेलामा पनि त्यति धेरै संख्यामा दर्शकको उपस्थितिलाई देखेर नेपाली दर्शकको क्रिकेटप्रतिको मोह भन्दै टेलिभिजनको प्रत्यक्ष प्रसारणमा प्रशंसा गरिएको थियो । रङ्गशालामा प्रत्यक्ष उपस्थिति बाहेक टेलिभिजन प्रत्यक्ष प्रसारण तथा डिजिटल प्लेटफर्म माध्यमबाट विश्वभरि छरिएका लाखौँ नेपालीले खेल हेरेर क्रिकेटको बढदो लोकप्रियताप्रति ऐक्यबद्धता जनाएका थिए तर नेपाली टिमको लगातार पराजयपछि मुम्बई पुगेका नेपाली दर्शकहरु भने निरास भएका थिए । लाखौँ रुपैयाँ खर्च गरेर विदेशी भूमिमा पुगेका नेपाली खेलप्रेमीहरुले टिमप्रति आक्रोस समेत प्रकट गरेका थिए।

नेपालको यसपालि तीन खेलमा पराजयको मुख्य कारण टिममाथि जित्नै पर्छ भन्ने दबाब मानिएको छ । फेरि इङ्गल्याण्डसँग थोरै रनको अन्तरले पराजित भएपछि नेपाली टिमको महत्वकांक्षा बढेको तथा तद्अनुरुप मैदानमा प्रस्तुत हुन नसक्दा हार ब्यहोर्नु परेको हो । नेपालले विश्वकप प्रतियोगितामा भोगेकोजस्तो हार आगामी दिनमा दोहरिन नदिन केही महत्वपूर्ण पक्षमा सुधार गर्नु पर्ने अत्यन्त जरुरी देखिएको छ । खेलमा हार जित स्वभाविक भए तापनि योजना र तयारी बलियो बनाउँदै परिमाणमा सुधार गर्न सम्पूर्ण ध्यान केन्द्रीत गर्नुपर्ने देखिन्छ । यसका लागि सरकारबाट यथेष्ट लगानीका साथै क्रिकेटलाई उच्च प्राथमिकता दिदै समयोचित योजना बनाई कार्यान्वयनतर्फ जोड दिनुपर्ने आवश्यकता महसुस गरिएको छ।

**सुधारको खाँचो**

नेपाली टिममा ब्याटिङ, बलिङ तथा फिल्डिङजस्ता क्षेत्रमा अझ सुधार गर्नुपर्ने देखिएको छ । खेलाडीहरुमा ब्याटिङमा स्थिरता जरुरी देखिन्छ । यसक्रममा सुरुआती विकेट जोगाउने तथा मध्य तथा अन्तिम ओभरमा रन गति कायम राख्न जोड दिनु अत्यावश्यक छ । डेथ ओभर बलिङ अझ प्रभावकारी बनाउने, क्याच, ड्रप तथा मिसफिल्ड कम गर्ने, रणनीतिक फिल्ड सेटिङमा जोड दिनुपर्छ । विपक्षी टिमको खेल शैलीको अध्ययन गर्नुका साथै खेलको बीचमा पनि रणनीति परिवर्तन गर्नसक्ने क्षमताको विकास पनि आवश्यक भएको महसुस गरिएको छ । प्रतियोगिता सञ्चालन भइरहेको मौसम तथा प्रतियोगिता भइरहेको पिच अनुसारको योजना बनाउनु पनि अत्यावश्यक देखिएको छ।

**टिममा परिवर्तन जरुरी**

नेपाली राष्ट्रिय क्रिकेट टिममा समयानुकूल परिवर्तन गर्नु पर्ने आवश्यक देखिएको छ । खेलाडीहरुको व्यक्तिगत प्रदर्शनको उपलब्धि तथा समग्रमा सकारात्मक नतिजाका लागि खेलाडीले खेलेको भूमिकाको आधारमा राष्ट्रिय टिमका प्रत्येक सदस्यहरुको मूल्याङ्कन गरिनु जरुरी मानिएको छ । विगतको इतिहासले मात्र वर्तमान अवस्थामा उपलब्धि हासिल गर्न सकिँदैन । खेलाडीको उमेर, शारीरिक तन्दुरुस्ती, विगतको अनुभव, हालको सक्षमता तथा समग्र टिमलाई गर्नसक्ने योगदान जस्ता आधारमा खेलाडीको स्वतन्त्र रुपमा परिवर्तन गर्न मुख्य प्रशिक्षकलाई जिम्मा दिनुपर्छ । राष्ट्रिय क्रिकेट टिममा सही ढङ्गले परिवर्तन गरियो भने नेपाली क्रिकेटको भविश्य अझ उज्वल बन्न सक्ने सम्भावना देखिन्छ । राष्ट्रिय टिमको व्यवस्थापन र रणनीतिमा सुधारका साथै टिममा पनि परिवर्तन आवश्यकता भएको महसुस विश्वकपको नतिजाले देखाएको छ । टिमले निरन्तर राम्रो नतिजा दिन नसकेको अवस्थामा प्रदर्शनमा निरन्तरता ल्याउन पनि परिवर्तन आवश्यक देखिन्छ । टिममा परिवर्तन गर्दा सकारात्मक नतिजा हासिल गर्न वातावरण बन्नुका साथै अन्य प्रतिभाशाली युवा खेलाडीले पनि मौका पाउँछन्, जसले टिम अझ प्रतिस्पर्धी बन्न सक्छ।

**मानसिक तयारीको सन्दर्भ**

कुनै पनि प्रतियोगिता खेल्न खेलाडीहरु जानुअघि उनिहरुलाई मानसिक रुपमा तयारी बनाउनु पर्दछ । उनीहरुलाई परिस्थितिअनुसार सामना गर्ने, जुनसुकै खालका दवावलाई ब्यहोर्न सक्नेजस्ता प्रशिक्षण दिई मैदानमा पठाइनुपर्छ । खेलका लागि उनीहरुलाई कुनै प्रकारको दबाब दिनुहँुदैन । खेलाडीलाई परिस्थितिअनुसार निर्णय लिन स्वतन्त्र बनाइनु आवश्यकता पर्दछ । जसरी भए पनि खेल जित्नै पर्ने, खेल जितेमा रोजगार, आकर्षक नगद पुरस्कार दिइनेजस्ता आश्वासनले खेलाडीहरुलाई खेल जित्नै पर्ने दबाब पर्न जान्छ, जसले नतिजा नकारात्मक आउनसक्ने बढी सम्भावना हुन्छ । वर्षभरिको अनवरत यात्रापछि भारत पुगेका नेपाली खेलाडीहरुमा मैदानमा भिडन्तका लागि यथेष्ट मात्रामा कमी कमजोरी देखियो, जुन लगातार हारका लागि यथेष्ट बन्न पुग्यो।

**समस्या सामाजिक सञ्जालको**

विश्वकपमा नेपालको पराजयको अर्को नौलो कारण उजागर भएपछि नेपाली खेलप्रेमीहरुलाई अझ स्तब्ध बनाएको छ । नेपाली राष्ट्रिय क्रिकेट टिम विश्वकपको प्रारम्भिक चरणमा लगातार पराजय हुँदै गएपछि यसको प्रमुख कारणमा सामाजिक सन्जाल पनि भएको भन्ने सम्बन्धित प्रशिक्षककै धारणा सार्वजनिक भएको थियो । अष्ट्रेलियाको प्रतिनिधित्व गरेर विश्वकप खेलिसक्नुभएका नेपालका वर्तमान मुख्य प्रशिक्षक स्टुअर्ट ललेनेपाल लगातार पराजित हुँदै गएपछि खेलाडीहरुलाई सामाजिक सञ्जाल छोडेर क्रिकेटमा ध्यान केन्द्रित गर्न आग्रह गर्नु भएको थियो । वेष्ट इण्डिजसँगको खेलको पूर्वसन्ध्यामा मुम्बईमा आयोजित पत्रकार सम्मेलनमा उहाँले सामाजिक सन्जालमा भइरहेका टीकाटिप्पणीलाई खेलाडीहरुले ध्यान दिन नहुने स्पष्ट पार्नु भएको थियो । हाल सञ्चालन भइरहेको विश्वकपमा नेपाली टिमको बारे मानिसहरुले के भनिरहेका छन् भन्ने कुरामा खेलाडीहरुको ध्यान केन्द्रित भए उनीहरु वास्तविक कामबाट विचलित हुने धारणा मुख्य प्रशिक्षक लको रहेको थियो । खेलाडीहरु आफूलाई समर्थन तथा प्रायोजक प्राप्त गर्न पनि सामाजिक सञ्जालकै भरपर्ने मुख्य प्रशिक्षकको आरोप रहेको थियो । मुख्य प्रशिक्षकको आरोपलाई गम्भीरतापूर्वक लिएर नेपाल क्रिकेट सङ्घ क्यानले खेलाडीहरुले सामाजिक सञ्जालको प्रयोग कुन बेला, कस्तो अवस्थामा तथा कतिबेर गर्न पाउनेजस्ता नियम बनाउनु जरुरी देखिएको छ । झन विश्वकपजस्तो महत्वपूर्ण प्रतियोगिता खेलिरहेको टिमका खेलाडीहरुलाई मुख्य प्रशिक्षकले लगाएको आरोपलाई सरल रुपमा लिन हुँदैन।

**विज्ञको सुझाव**

क्रिकेट खेलका अन्तरराष्ट्रिय कमेण्टेटर एण्डु« लियोनार्डले विगत केही वर्षदेखि नेपाली क्रिकेटलाई नजिकबाट नियालिरहनुभएको छ । नेपाली क्रिकेट टिमलाई अत्यन्त माया गर्ने व्यक्तिका रुपमा परिचय बनाउनुभएका एण्ड्रुले नेपालको ब्याटिङमा अझ बढी स्थिरता हुनुपर्ने सुझाव दिनुभएको छ । सामाजिक सञ्जालमा धारणा व्यक्त गर्दै उहाँले बलिङ समूहले पनि विकेट खोज्नु सट्टा दबाब सिर्जना गर्ने योजनाहरुमा राम्रोसँग अडिग रहनु आवश्यक भएको स्पष्ट पार्नुभएको छ । यस्ता सुझावलाई सकारात्मक रुपमा ग्रहण गरी टिमलाई आवश्यक सुधार गर्न क्यानले ढिलो गर्न हुँदैन।

तीनपटक विश्वकपमा प्रवेश पाउन सफल नेपाली राष्ट्रिय क्रिकेट टिमको आगामी दिनका लागि पनि क्षमता र सम्भावना राम्रो भएको आकलन गर्न सकिन्छ तर तेस्रोपटकको प्रतिस्पर्धामा लगातार हारले हतास बनाएको नेपाली टिमलाई अन्तिममा भएको एउटा जितले भए पनि उत्साहित बनेर घर फर्किने वातावरण बनाएको छ । यसपटकको नतिजाले क्यानसामु अझ धेरै चुनौती थपिएका छन् । यसपालिको प्रतियोगिताको क्रममा देखिएको गल्ती तथा कमजोरीलाई सुधार गर्न क्यानले ढिलो गर्नु हुँदैन । रणनीतिक सुधार र निरन्तर अभ्यासले नेपाली टिमलाई गतिशीलताको बाटोतर्फ अग्रसर गराउँदै लैजाने विश्वास गर्न सकिन्छ । नेपाली राष्ट्रिय क्रिकेट टिमले मुम्बईमा हासिल गरेको नतिजालाई भोलिका दिनमा सुधार गर्नका लागि गम्भीर पाठका रुपमा लिएर यथोचित योजनाका साथ अघि बढेमा लज्जित हुनुपर्ने अवस्था पुनः नदोहोरिने कुरामा आशावादी हुन सकिन्छ । रासस

# बङ्गलादेशका प्रमद्वारा निर्वाचन सफलताको कामना



**काठमाडौं ।**
बङ्गलादेशका नवनिर्वाचित प्रधानमन्त्री तारिक रहमानले नेपालमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सफलताको कामना गरेका छन् । मङ्गलबार साँझ परराष्ट्रमन्त्री बालानन्द शर्मासँगको भेटमा प्रधानमन्त्री रहमानले आसन्न संसदीय निर्वाचन शान्तिपूर्ण र सफलतापूर्वक सम्पन्न होस् भनी शुभकामना व्यक्त गरेको ढाकास्थित नेपाली राजदूतावासले जनाएको छ ।

सो अवसरमा मन्त्री शर्माले रहमानलाई बङ्गलादेशको प्रधानमन्त्री निर्वाचित भएकोमा बधाई दिँदै नेपालका प्रधानमन्त्री सुशीला कार्कीले पठाउनुभएको बधाई सन्देश हस्तान्तरण गरे। सन्देशमा प्रधानमन्त्री कार्कीले दुवै देश र जनताको साझा हितका लागि आपसी सम्मान र साझेदारीको भावनाका साथ सहकार्य गर्ने इच्छा व्यक्त गरेका छन् ।

परराष्ट्रमन्त्री शर्माले बङ्गलादेशमा हालै सम्पन्न निर्वाचनमार्फत लोकतान्त्रिक प्रक्रियामा सहज सङ्क्रमण सुनिश्चित भएको भन्दै त्यसको सराहना गरे । साथै, उनले रहमान नेतृत्वको बङ्गलादेश नेशनलिस्ट पार्टीले बहुमत हासिल गरेकोमा बधाई समेत ज्ञापन गरे ।

जवाफमा प्रधानमन्त्री रहमानले आफ्नो शपथग्रहण समारोहमा सहभागी भई नेपाल सरकार र जनताका तर्फबाट सद्भाव दर्शाएकोमा मन्त्री शर्मालाई धन्यवाद दिए ।

भेटवार्ताका क्रममा दुवै पक्षले नेपाल र बङ्गलादेशबीचको दिगो साझेदारीलाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । उनीहरूबीच व्यापार, लगानी, ऊर्जा, सम्पर्क सञ्जाल विस्तार, शिक्षा तथा पर्यटनलगायतका क्षेत्रमा सहकार्य बढाउने विषयमा छलफल भएको दूतावासले जनाएको छ ।

यसअघि, परराष्ट्रमन्त्री शर्मा बङ्गलादेशका नवनिर्वाचित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सदस्यहरूको शपथग्रहण समारोहमा सहभागी भएका थिए ।

ढाका बसाइका क्रममा उनले बङ्गलादेश जमात–ए–इस्लामीका नेता शफिकुर रहमानसँग पनि भेटवार्ता गरी द्विपक्षीय हितका विषयमा विचारविमर्श गरेका थिए । प्रधानमन्त्री रहमानको शपथ समारोहमा सहभागी हुन गत सोमबार ढाका प्रस्थान गर्नुभएका परराष्ट्रमन्त्री शर्मा बिहीबार स्वदेश फर्कने कार्यक्रम छ । रासस

# पर्व एक आपसमा सद्भाव होः राष्ट्रपति



**काठमाडौं ।**
राष्ट्रपति रामचन्द्र पौडेलले पर्वमार्फत एकापसमा सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि हुने बताएका छन् । बुधबार ग्याल्पो ल्होसार, २०८२ को अवसरमा शुभकामना सन्देश दिँदै उनले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्र भएको उल्लेख गर्दै ग्याल्पो ल्होसार जस्ता पर्वहरूबाट सबै नेपालीबिच एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता, सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि हुने र यसबाट बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न सघाउ पुग्नेमा विश्वास व्यक्त गरे ।

उनले शेर्पा समुदायको पर्व ग्याल्पो ल्होसारका अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति एवं समृद्धिको लागि शुभकामना दिएका छन् । नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने आदिवासी शेर्पालगायत महायान बौद्ध धर्मावलम्बी समुदायद्वारा फागुन शुक्लपक्ष प्रतिपदा तिथिका दिन नयाँ वर्षको रूपमा विविध कार्यक्रम आयोजना गरी ग्याल्पो ल्होसार मनाइन्छ ।

पर्वको अवसरमा शेर्पा समुदायले आफ्नो गाउँघर, टोलमा रहेका बाटोघाटो तथा पानीका मूलहरूको सरसफाइ गर्ने, नौ प्रकारको अन्न मिसाइएको गुथुक र खाप्से जस्ता परिकार सबै जना मिलीजुली खाने तथा आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्षको स्वागत गर्ने परम्परा छ । रासस

# पर्वबाट बन्धुत्वको भावना अभिवृद्धि : घिमिरे



**काठमाडौँ ।**
राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले नेपाली पर्वहरूको माध्यमबाट सबै नेपालीबीच आपसी एकता, सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि गर्ने बताएकी छिन् ।

नयाँ वर्ष शुभारम्भको खुसियालीमा मनाइने शेर्पा समुदायको पर्व ग्याल्पो ल्होसारका अवसरमा बुधबार स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति एवं समृद्धिको शुभकामना व्यक्त गर्दै उनले नेपाली पर्वले बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न सघाउ पुग्ने विश्वास व्यक्त गरेकी छिन् ।

उनले भनेकी छिन्, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, बहुजातीय समुदाय र भौगोलिक विविधता हाम्रो देशका पहिचानहरु हुन् । हाम्रो संविधानले सबै भाषा, धर्म, वर्ग, जाति, भूगोल, समुदाय र संस्कृतिको समान अस्तित्वलाई स्वीकार गरेको छ । हामी नेपाली विविध भाषा, संस्कृति, चाडपर्व र परम्पराका धनी छौँ, हिमाली भेगमा बसोबास गर्ने शेर्पा समुदायले मनाउने ग्याल्पो ल्होसार नेपाली राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हो । नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदायलगायत महायान बौद्ध परम्परामा चन्द्रमास गणना गरी फागुन शुक्लपक्ष प्रतिपदा तिथिका दिन नयाँ वर्ष सुरु हुने विश्वाससहित ग्याल्पो ल्होसार मनाइन्छ । यस पर्वको अवसरमा शेर्पा समुदायले आफ्नो गाउँघर, टोलमा रहेका बाटोघाटो तथा पानीका मूलहरूको सरसरफाइ गर्ने, नौ प्रकारको अन्न मिसाइएको परिकार गुथुक र खाप्से खाने तथा आपसमा शुभकामना आदानप्रदान गर्दै नयाँ वर्षको स्वागत गर्ने परम्परा रहेको छ । पारिवारिक एवं सामाजिक मेलमिलाप अभिवृद्धि गर्ने अवसरका रूपमा यस पर्वलाई लिइन्छ । रासस

# भोट नदिए हुन्छ, कामको लिष्ट दिनुहोस् : बालेन शाह




**धनगढी ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा भावी प्रधानमन्त्रीका उम्मेदवार बालेन्द्र शाहले रास्वपाले देश बनाउने बताएका छन् ।

बुधबार धनगढीमा आयोजित परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै उनले आफू देश बनाउनको लागि आएको बताए । यसअघि जनकपुरमा पहिलो आमसभामा बोलेका बालेनको यो पहिलो चुनावी सभा हो ।

उनले आफ्नो सम्बोधन सुरुमै डोटेली भाषामा सम्बोधन गरेका थिए । उनले विकास गर्न, निःशुल्क शिक्षा र स्वास्थ्यको लागि काम गर्ने प्रतिबद्धता जनाए । उनले रास्वपा सरकारमा गयो भने कांग्रेस, एमाले र माओवादी हिँड्ने बाटो बनाउने उद्घोष गरे ।

उनले भने,‘राष्टिय स्वतन्त्र पार्टी भोट माग आएको हैन । काम माग्न आएको हो । तपाईंहरूले भोट नदिए पनि काम गर्छ ।

तपाईंहरूले भोट दिनु भएन भने पनि राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिममा काम गर्छ । तपाईंहरूले काम दिनू ।’ रासस

# पर्वले समुदायबीच सम्बन्ध मजबुत बनाउँछः दाहाल



**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले पर्वले विविध जातजाति र समुदायका बीचमा सामाजिक, सांस्कृतिक सद्भाव एवं सम्बन्ध मजबुत बनाउन भूमिका खेल्नेमा विश्वास व्यक्त गरेका छन । ग्याल्पो ल्होसारको अवसरमा बुधबार शुभकामना व्यक्त गर्दै उहाँले समस्त नेपाली आमाबुवा, दिदीबहिनी, दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि एवं प्रगतिको हार्दिक शुभकामना व्यक्त गरेका छन । नेपालको हिमाली भेगमा आदिमकालदेखि बसोबास गर्दै आएका शेर्पा समुदायको मौलिक भाषा, लिपी, संस्कृति, रीतिरिवाज, भेषभुषासहितको विशिष्ट पहिचान रहेको उल्लेख गर्दै उनले शेर्पा समुदायले नयाँ वर्षको रूपमा मनाउने ग्याल्पो ल्होसार प्राचीन उत्पादन पद्धतिमा आधारित मौलिक एवं ऐतिहासिक पर्व भएको बताए ।

नेपाली जनताको महान त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले विविधतामा आधारित राष्ट्रिय एकता र पहिचानलाई संस्थागत गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषता एवं भौगोलिक विविधतासहितको एकतत्वलाई स्वीकार गरेको उल्लेख गर्दै अध्यक्ष दाहालले यस प्रकारका पर्वहरूले विभिन्न जाति एवं समुदायका धार्मिक तथा सांस्कृतिक आस्थालाई सम्मान गर्दै विभिन्न सभ्यता, भाषा, कला, संस्कृति, लिपी, भेषभुषा र सांस्कृतिक सम्पदाको संरक्षणमा योगदान दिएको बताएका छन । ल्होसार पर्वले आन्तरिक राष्ट्रियता, आपसी सद्भाव, सहिष्णुता, सहकार्य र एकता थप सुदृढ गर्ने उनको विश्वास छ । रासस

## पूर्वराजा शाहको भिडिओ सन्देशः

# विद्यमान समस्या समाधान नगरी निर्वाचनमा जानु उपयुक्त हुँदैन



**काठमाडौँ ।**
पूर्वराजा ज्ञानेन्द्र शाहले ७४औँ राष्ट्रिय प्रजातन्त्र दिवसको अवसरमा भिडिओ सन्देश जारी गरेका छन् । उनले मुलुक अहिले अप्ठ्यारो अवस्थामा रहेको भन्दै पहिला मुलुकमा विद्यमान राष्ट्रिय समस्याको समाधान गर्नुपर्ने मत राखेका छन् । शाहले प्रजातान्त्रिक व्यवस्थामा प्रतिनिधि छनोटका लागि आवधिक निर्वाचन स्वाभाविक प्रक्रिया भए पनि अहिलेको अवस्था सामान्य नभएको भन्दै पहिलो राष्ट्रिय समस्याको समाधान गरिनुपर्ने मत राखेका छन् ।

उनले भनेका छन्,‘प्रजातान्त्रिक व्यवस्थामा प्रतिनिधि छान्नु स्वभाविक प्रक्रिया भए पनि ।

यतिखेरको आम जनभावना यो छ कि राष्ट्रिय समस्या समाधान गरेरमात्रै निर्वाचनमा जानु उचित हुनेछ, मुलुकमा निर्वाचनपछि कुनै खिचातानी नहोस् भन्न समझदारी बनाएर जाँदा सही बाटो हुने थियो । वर्तमान अवस्थामा अधिकार मात्रै खोज्ने तर कर्तव्य नसोच्ने दुखद् परिस्थितिमा आलोपालो भाग लगाएर खाऔं भन्ने सोचले हैन मिलेर जाऔं भन्ने सोचेले मुलुकलाई नयाँ गति दिन सकिन्छ, यतिखेरको आम जनभावना यही छ कि पहिला मुलुकका गम्भीर राष्ट्रिय समस्याको समाधान गरियोस् र त्यसपछि मात्र निर्वाचन प्रक्रियातर्फ अघि बढियोस् ।’

शाहले यतिवेला आम नेपालीले सिंगो मुलुक अस्वाभाविक छटपटी, अन्योलको भुमरीमा फसेको र देशको अस्तित्व नै संकटमा परेको अनुभूति गरेको पनि टिप्पणी गरे ।

# देशको मुहार फेर्न रास्वपा निर्वाचनमा: लामिछाने

**कैलाली ।**
राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशको मुहार परिवर्तनका लागि रास्वपा निर्वाचनमा उत्रिएको बताएको छ ।

रास्वपाले बुधबार धनगढीमा आयोजना गरेको परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै उनले रास्वपाले राजनीतिक विकृति र विसङ्गतिविरुद्ध आवाज उठाइ जनतालाई अधिकार सम्पन्न बनाउने बताए । हामी कसैको राजनीतिक आकांक्षा ठूलो कुरा होइन, उनले भने, देशको राजनीतिक आंकाक्षा केन्द्रमा राखेर यस हामी पटक निर्वाचनमा आएका हौँ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले पाँच वर्षको स्थायी सरकारको अपेक्षा गरेकाले निर्वाचनमा स्वविवेकले मताधिकार प्रयोग गर्न जनतालाई आग्रह गरेका छन ।

सोही कार्यक्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाहले सुदूरपश्चिम र देश बनाउने जिम्मा अब राष्ट्रिय स्वतन्त्र पाटीको काँधमा आएको बताए । निर्वाचनबाट यदि ठूलो दल बनेर सरकारमा जान सकेमा नेपालीको सपना साकार पार्ने उहाँको भनाइ थियो । वरिष्ठ नेता शाहले गरिब तथा विपन्न वर्गले प्राप्त गर्नुपर्ने शिक्षा, स्वास्थ्यलगायतका विषयहरूनै पार्टीको एजेन्डा रहेको उल्लेख गरे । रासस

# दशौँ निर्वाचन दिवस मनाइँदै



**काठमाडौँ ।**
नेपालमा आमनिर्वाचन प्रारम्भ भई बालिग नेपालीले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्वपूर्ण दिनको सम्झनामा बिहीबार दसौँ निर्वाचन दिवस मनाइँदैछ । मुलुकमा प्रजातन्त्र स्थापनाको आठ वर्षपछि विसं २०१५ फागुन ७ गते आमनिर्वाचन भएको थियो । संवैधानिक अङ्गका रूपमा रहेको निर्वाचन आयोगले स्थानीय तहदेखि राष्ट्रपतिसम्मको निर्वाचन स्वच्छ, स्वतन्त्र र निष्पक्षरूपमा गराउँदै आएको छ । आयोग यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम तयारीमा जुटिरहेको छ ।

आयोगले वर्तमान संविधान जारी भएपछि दुई पटक प्रतिनिधिसभा तथा प्रदेशसभा र स्थानीय तहको आवधिक निर्वाचन, तीन पटक राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन, राष्ट्रियसभा सदस्यको विभिन्न निर्वाचन र उपनिर्वाचन सम्पन्न गरिसकेको छ ।

उक्त निर्वाचनमार्फत् जनप्रतिनिधि निर्वाचित भई जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक सङ्घीय शासन प्रणालीको सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह भइरहेको छ ।

इतिहासका सबै कालखण्ड र राजनीतिक परिवर्तनका हरेक नयाँ उपलब्धिमा मुलुकले अङ्गीकार गरेको शासन व्यवस्था र निर्वाचन प्रणालीलाई संविधान र कानुन बमोजिम निर्वाचनको माध्यमबाट वैधानिकता प्रदान गर्ने संवैधानिक दायित्व पूरा गर्दै आइरहेको छ ।

यसवर्ष आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमै केन्द्रित हुन परेकाले बिहीबार कान्तिपथस्थित परिसरमा कार्यक्रम आयोजना गरी दिवस मनाउन लागिएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले जानकारी दिएको छ । रासस

# अन्नपूर्ण गाउँपालिकाका किसानले गरे चार करोड मूल्यबराबरको सुन्तला बिक्री



**म्याग्दी ।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका किसानले यस वर्ष सुन्तला बिक्री गरेर करिब रु चार करोड आम्दानी गरेका छन् । अन्नपूर्ण गाउँपालिकाको कृषि विकास शाखाले किसानहरूले बिक्री गरेको सुन्तलाको विवरण सङ्कलन गरेको हो । कृषि शाखाका प्राविधिक सम्झना खत्रीले पालिकाका सबै बगैँचाबाट तीन करोड ८८ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको जानकारी दिइन् ।
वडा नं १ दोवामा ७० लाख, वडा नं २ भुरुङ–तातोपानीमा ३९ लाख, वडा नं ३ दानामा २१ लाख, वडा नं ४ नारच्याङमा १० लाख, वडा नं ६ घारमा ६० लाख र वडा नं ७ हिस्तान दोसल्ले र औलामा एक करोड ८८ लाख मूल्य बराबरको सुन्तला बिक्री भएको उनले बताइन् । दुई सय जनाभन्दा बढी किसानले न्यूनतम् ५० हजारदेखि २० लाख मूल्य बराबरको सुन्तला बिक्री गरेका छन् । सबैभन्दा बढी दोसल्लेका किसान विकास श्रेष्ठले २० लाखको सुन्तला बिक्री गरेका छन् ।
अन्नपूर्णका किसानले म्याग्दीमा सबैभन्दा पछि माघ लागेपछि सुन्तला टिपेर बजार पठाउन थालेका थिए । फागुन २ गतेसम्म सुन्तला टिपेर बजार पठाएका हुन् । गत वर्षको तुलनामा ४० प्रतिशत कम उत्पादन भए पनि दोब्बर मूल्य पाउँदा आम्दानी बढेको दोसल्लेका किसान श्रेष्ठले बताए । दोसल्लेका किसानले प्रतिकिलोग्राम दुई सय सम्म सुन्तलाको मूल्य हात पारेका छन् । सुन्तला अन्नपूर्ण गाउँपालिकाको प्रमुख नगदेबाली हो । यहाँ आलुपछि धेरै बिक्री हुने कृषि बालीमा सुन्तला रहेको छ । अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले सुन्तला बगैँचा विस्तार र व्यवस्थापनका किसानलाई सहयोग गरिएको बताए । रासस

# रहमानको मन्त्रिपरिषद् घोषणा




**ढाका ।**
भारी चुनावी विजयपछि बङ्गलादेशका प्रधानमन्त्री तारिक रहमानले ५० सदस्यीय मन्त्रिपरिषद् घोषणा गर्दै सङ्कटग्रस्त अर्थतन्त्र पुनर्जीवित गर्ने र क्षेत्रीय तथा आन्तरिक सुरक्षाका चुनौती सामना गर्ने सङ्केत गरेका छन् ।
सन् २०२४ को घातक विद्रोहपछि अन्तरिम प्रशासनमार्फत सञ्चालन हुँदै आएको शासन व्यवस्थाबाट औपचारिक रूपमा जिम्मेवारी सम्हालेका रहमानले मङ्गलबार पदभार ग्रहण गरेपछि मन्त्रिपरिषद् सार्वजनिक गरेका हुन् । मङ्गलबार राति राजपत्रमार्फत जारी सूचीअनुसार ७६ वर्षीय अमिर खसरु महमुद चौधरीलाई वित्त मन्त्रालयको जिम्मेवारी दिइएको छ । पूर्व वाणिज्य मन्त्री तथा अनुभवी सांसद रहेका चौधरी व्यापारी पृष्ठभूमिका व्यक्ति छन् । महिनौँको राजनीतिक अस्थिरतापछि विश्वको दोस्रो ठूलो गार्मेन्ट निर्यातक राष्ट्रका रूपमा चिनिएको बङ्गलादेशमा लगानीकर्ताको विश्वास पुनःस्थापित गर्ने दायित्व उनलाई सुम्पिएको छ ।
चौधरीले यसअघि प्रधानमन्त्री रहमानकी स्वर्गीय आमा तथा तीन पटककी प्रधानमन्त्री खालिदा जियाको मन्त्रिपरिषद्मा काम गरेका थिए । तर सन् २००४ मा ताइवानलाई ढाकामा व्यावसायिक कार्यालय खोल्न अनुमति दिएको विषय सार्वजनिक भएपछि उनले पद त्यागेका थिए ।
सो विषयमा उनले हालसम्म सार्वजनिक प्रतिक्रिया दिएको छैन । शेख हसिनाको १५ वर्षे शासनकालमा उनलाई विभिन्न आरोपमा पटक–पटक पक्राउ गरिएको थियो र त्यस समयमा विपक्षी नेतामाथि राजनीतिक उद्देश्यले मुद्दा लगाइने गरेको आरोप लाग्दै आएको थियो ।
प्रधानमन्त्री रहमानले आफैँ रक्षा मन्त्रालय सम्हालेका छन् । वर्षौंदेखि राजनीतिक प्रतिस्पर्धाले ध्रुवीकृत समाजलाई एकताबद्ध गर्ने, सुरक्षा व्यवस्थामा सुधार ल्याउने र सीमापार चुनौती सामना गर्ने दायित्व उनीसामु रहेको छ । भारतसँग सीमा तनाव उच्च अवस्थामा रहेको तथा म्यान्मामा जारी द्वन्द्व सीमावर्ती क्षेत्रमा असर गरिरहेको पृष्ठभूमिमा नयाँ सरकार गठन भएको हो । बङ्गलादेशमा म्यान्माबाट भागेका १० लाखभन्दा बढी रोहिङ्ग्या शरणार्थी आश्रित छन् ।
विदेश मन्त्रालयको जिम्मेवारी अनुभवी कूटनीतिज्ञ खलीलुर रहमानलाई दिइएको छ। संयुक्त राष्ट्रसङ्घका पूर्व अधिकारी रहेका उनले ढाका र संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयबाट अध्ययन गरेका छन् । कार्यवाहक सरकारको समयमा उनले सुरक्षा विभाग सम्हालेका थिए र संयुक्त राज्य अमेरिकासँग व्यापार वार्तामा सहकार्य गरेका थिए । छिमेकी भारतसँग सम्बन्धमा देखिएको तिक्तता र पाकिस्तानसँग बढ्दो सम्पर्कबीच क्षेत्रीय सन्तुलन कायम राख्नु उनको प्रमुख चुनौती हुनेछ । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले आफ्ना समकक्षीलाई बधाई दिँदै दुई देशबीच सहयोग अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्छ । प्रधानमन्त्री रहमानले बुधबार आफ्नो पहिलो मन्त्रिपरिषद् बैठकको अध्यक्षता गर्ने अपेक्षा गरिएको छ । मन्त्रिपरिषद्मा दिग्गज राजनीतिज्ञ, पूर्वमन्त्री, सांसद, शिक्षाविद् तथा विभिन्न पार्टी कार्यकर्ता समेटिएका छन् । नयाँ सरकार गठनसँगै अर्थतन्त्र पुनरुत्थान, सामाजिक सद्भाव सुदृढीकरण र क्षेत्रीय सम्बन्ध सन्तुलनमा राख्ने कार्यभार औपचारिक रूपमा अघि बढेको छ । रासस

# खोटाङ उद्यमी कोसेली घरः स्थानीय उत्पादन प्रवर्द्धन केन्द्र




**खोटाङ ।**
महिला उद्यमी सङ्घ खोटाङका अध्यक्ष विमला राईले सञ्चालन गरेको 'खोटाङ उद्यमी कोसेली घर' जिल्लाको स्थानीय उत्पादन प्रवद्र्धन गर्ने महत्त्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाङ–३ बाम्राङकी उनले विसं २०८० असोज–९ गते दिक्तेल बजारमा औपचारिक रूपमा कोसेली घर स्थापना गरेकी हुन् ।
सामाजिक सङ्घ संस्था तथा राजनीतिमासमेत सक्रिय रहँदै आएकी अध्यक्ष राई विसं २०७७ मा महिला उद्यमी सङ्घको अध्यक्ष निर्वाचित भएकी थिइन् । जिल्लामा स्थानीय उत्पादनलाई व्यवस्थित बजार आवश्यक रहेको महसुस गर्दै अध्यक्ष राईले कोसेली घर सञ्चालन गरेकी हुन् ।
सुरुमा सात हजार लगानी गरेर ३०–४० बट्टा अकबरे खुर्सानीको अचार उत्पादन गरेर कोसेली घर स्थापना गरेकी अध्यक्ष राईले दुई वर्ष नपुग्दै करिब ३५ लाख लगानी पुगेको जानकारी दिएकी छन् ।
'कोसेली घरमा जिल्लाभित्र उत्पादन भएका सामग्री मात्र बिक्रीका लागि राख्ने गरेकी छु । केही सामग्री आफै उत्पादन गर्छौं भने, अधिकांश सामग्री स्थानीय किसानबाट खरिद गरेर बिक्री गर्दै आएकी छु', उनले भनिन्, 'विशेषगरी विदेशमा रहेका खोटाङवासीले पुनः फर्किएर जाँदा कोसेलीका रूपमा खाद्य सामग्री खरिद गरेर लैजाने गरेका छन् । कोसेली घरमा राखिएका सामग्री बेलायत, हङकङ, सिङ्गापुरलगायत देशमा निर्यात हुँदै आएको छ ।'
जिल्लाका दश स्थानीय तहमध्ये विशेष गरी केपिलासगढी गाउँपालिकाबाट बढी सामग्री खरिद गरिँदै आएको अध्यक्ष राईले बताएकी छन् । उक्त क्षेत्रमा मह, बाँस तथा काठजन्य सामग्री र विभिन्न खाद्यान्न उत्पादन हुने भएकाले त्यहाँबाट नियमित रूपमा सामग्री सङ्कलन गर्ने गरेको उनको भनाइ छ ।
यसका साथै हलेसी, दिक्तेल, रावाबैँसी, साकेला लगायतका क्षेत्रबाट पनि सामग्री ल्याइँदै आएको अध्यक्ष राईले जानकारी दिएकी छन् । स्थानीय किसानबाट सिधै सामग्री खरिद गरी बिक्री गर्दा किसानलाई प्रोत्साहन मिलिरहेको उनले बताइनन् ।
कहिलेकहीँ आर्थिक अभावका कारण सबै किसानको उत्पादन खरिद गर्न नसकिने तथा हाताहाती भुक्तानी गर्न कठिनाइ हुने चुनौती रहेको अध्यक्ष राईले जानकारी दिइन् । कोसेली घरमा गुन्द्रुक, किनिमा, सिस्नोको धुलो, कोदो तथा फापरको पिठो, मकैको च्याख्ला, गहत, कालो दाल, सिमीलगायत खाद्यवस्तु बिक्रीका लागि राखिएको छ ।
दिक्तेलस्थित किरातचोकमा सञ्चालित कोसेली घरमा सुकुटी, विभिन्न अचार, भिरमौरी तथा घर मौरीको मह, गाई–भैँसी तथा भेडाको घ्यू, कोलमा पेलेको तोरीको तेल, अकबरे खुर्सानीको अचार, घरेलु जाँड तथा रक्सी उत्पादनमा प्रयोग हुने मर्चा, जडीबुटीजन्य वस्तु तथा हस्तकलाका सामग्री पनि उपलब्ध रहेको जनाइएको छ । हस्तकलातर्फ बाँसबाट निर्मित डालो, नाङ्लो, थुन्से, फिपी, कोक्रो, कठुवा, ठेकी, काठका चिन्डोलगायत सामग्री बिक्रीका लागि राखिएका छन् ।
ढाकाको टोपी, कपासको धागोबाट बुनिएको कपडा, भेँडाको ऊनबाट बनेका लुकुनी, घुमराडी, चकटीलगायत सामग्रीसमेत बिक्रीका लागि उपलब्ध रहेको उनले बताइन् । जिल्ला भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकले चिनोका रूपमा हस्तकलाका सामग्री खरिद गर्ने गरेका छन् । कोसेली घर सञ्चालनमा राज्यबाट अपेक्षित सहयोग नपाएको गुनासो गर्दै उनले वास्तविक रूपमा काम गरिरहेका उद्यमीहरूले अनुदान पाउनुपर्ने धारणा व्यक्त गरिन् । स्थानीयस्तरमा उत्पादन हुने कोदोको रक्सीलाई व्यवसायिकीकरण गर्न स्थानीय सरकारले स्पष्ट नीति बनाउनुपर्ने उनको सुझाव छ ।
कोसेली घरलाई अझ व्यवस्थित बनाउँदै अनलाइनमार्फत बिक्री विस्तार गर्ने, थप कर्मचारी राख्ने तथा स्थानीय उत्पादनको ब्रान्डिङ र प्याकेजिङ व्यवस्थित गर्ने योजना रहेको अध्यक्ष राईले जानकारी दिइन् । कोसेली घरलाई व्यवस्थित बनाउन उनले एकजना कर्मचारी राखेर मासिक तलब प्रदान गर्दै आएकी छन् ।
जिल्लाका महिला उद्यमीले उत्पादन गरेका अचारलगायत खाद्यवस्तु विभिन्न कृषि प्रदर्शनीमा राखिँदै आएको जनाइएको छ । विशेषगरी अकबरे खुर्सानीको अचारले विभिन्न अवसरमा पुरस्कारसमेत प्राप्त गरिसकेको अध्यक्ष राईले जानकारी दिएकी छन् । रासस

# एआईले बदल्दै गहना उद्योग




**नयाँदिल्ली ।**
कृत्रिम बौद्धिकता (एआई) ले भारतको परम्परागत गहना उद्योगमा नयाँ मोड ल्याएको छ । नयाँदिल्लीमा आयोजित विश्वव्यापी एआई शिखर सम्मेलनको प्रदर्शनी कक्षमा चम्किएको भगवान् कृष्णको आकारमा बनेको सुनको ब्रोच हस्तकला मात्र नभई, प्रविधि र परम्पराको सङ्गमको प्रतीक बनेको छ । उक्त ब्रोच भारतीय कारिगरहरूले हातैले निर्माण गरेका भए पनि यसको विस्तृत डिजाइन एआईले तयार पारेको थियो ।
तेइस वर्षीय सिद्धार्थ सोनीले सन् २०२३ मा सह–स्थापना गरेको आइडिया ज्वेलरीमार्फत एआई–डिजाइन गरिएका गहनाहरू उत्पादन गर्दै आएका छन् । उनले एएफपीसँग भने – परम्परागत तरिकाले यस्ता गहनाहरू बनाउन छ–सात महिना लाग्ने गथ्र्यो, तर एआईद्वारा तयार ब्लुप्रिन्ट र थ्रीडी–प्रिन्टेड मोल्ड प्रयोग गर्दा एक हप्तामै तयार गर्न सकिन्छ, हलमार्किङका लागि केही थप समय आवश्यक पर्छ ।
सोनीको यो स्टार्टअप हैदराबादस्थित दशकौँ पुरानो पारिवारिक व्यवसायबाट विकसित भएको हो । उनका बुबा र हजुरबुबा करिब ३० वर्षदेखि गहना उद्योगमा सक्रिय छन् । नयाँ प्रविधिप्रति उत्साह देखाउँदै उनका बुबाले यसलाई अन्तर्राष्ट्रिय बजारसम्म पु¥याउने इच्छा व्यक्त गरेका छन्, ताकि संयुक्त राज्य अमेरिका लगायतका मुलुकका खुद्रा विक्रेताहरूले कस्टम एआई–डिजाइन गरिएका भारतीय गहनाहरू बिक्री गर्न सकून् । तर अनुभवी कारिगरहरू भने एआईले कलात्मक मौलिकता हराउने चिन्तामा छन् । हामीले कलाको रूप गुमाउँदैछौँ", सोनीले भने, तर समयसँगै अगाडि बढ्नु अनिवार्य छ ।
एआई शिखर सम्मेलनमा सहभागी टेक उद्यमी र विश्व नेताहरूले अवसरसँगै जोखिमबारे पनि छलफल गरेका छन् । सामूहिक रोजगारी कटौती र मानव विशेषज्ञताको क्षय प्रमुख चिन्ताका विषय बनेका छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले सम्मेलनले देशका युवाहरूको क्षमता उजागर गरेको बताउँदै प्रविधिमा द्रुत प्रगतिलाई जोड दिएका छन् । भारत सरकारले आगामी दुई वर्षभित्र एआई क्षेत्रमा दुई खर्ब डलर लगानी गर्ने लक्ष्य राखेको छ, जसअन्तर्गत डाटा सेन्टर र ऊर्जा पूर्वाधार विस्तार गर्ने योजना छ ।
आइडिया ज्वेलरीले सरकारी अनुदान नपाए पनि प्रमुख सहरका २० खुद्रा विक्रेतासँग सहकार्यको तयारी गरिरहेको जनाएको छ । गुगलको जेमिनीको परिमार्जित संस्करणमा आधारित उपकरणमार्फत ग्राहकहरूले धातु, बहुमूल्य पत्थर र मूल्य दायरा छनोट गरी साधारण पाठ निर्देशनबाट डिजाइन माग गर्न सक्छन् । सो उपकरणले नमूना देखाएपछि विस्तृत थ्रीडी मोडेल उत्पादन गर्छ, जसलाई कारिगरहरूले मूर्त रूप दिन्छन् । केही कामदारहरूले आफ्नो रोजगारी गुम्ने डरले असहज भए पनि हालसम्म एआई–डिजाइन गरिएका गहनाहरू निर्माण गरिरहेका छन् ।
एआईको प्रभाव गहना उद्योगमा मात्र सीमित छैन । एक्सट्रीम जेन एआई नामक स्टार्टअपले दर्जनौँ स्थानीय भाषामा व्यवसायका लागि आवाज–आधारित च्याट उपकरण विकास गरेको छ । संस्थापक पिस बेरीका अनुसार प्रविधि सस्तो र परिष्कृत बन्दै जाँदा विशाल कल सेन्टर उद्योग प्रभावित हुन सक्छ, तर नयाँ रोजगारी र सीपका क्षेत्र पनि खुल्नेछन् ।
त्यस्तै, सोइल डाक्टरले १० राज्यका ५०० खेतमा एआई–आधारित माटो परीक्षण कार्यक्रम सञ्चालन गरेको छ । चिफ अफ स्टाफ वर्तिका गुप्ताले ऐतिहासिक कृषि डाटामा पहुँच पाए किसानलाई लक्षित मल प्रयोगमार्फत लागत घटाई उत्पादन बढाउन सहयोग पुग्ने बताए । उनका अनुसार, प्रत्येक सिजनमा कम खर्चमा किसानहरूले बढी उत्पादन गर्न सक्नेछन् ।
परम्परागत सीप र आधुनिक प्रविधिबीच सन्तुलन खोज्दै भारतका स्टार्टअपहरूले एआईलाई अवसरका रूपमा अँगालिरहेका छन्, यद्यपि रोजगारी र मौलिकताको प्रश्न अझै बहसकै विषय बनेको छ । रासस

# दोस्रो कार्यकालमा ताकाइचीको कडा एजेन्डा

**टोकियो ।**
भारी मतान्तरसहितको चुनावी विजयपछि साने ताकाइची बुधबार पुनः जापानको प्रधानमन्त्रीका रूपमा नियुक्त हुँदै छिन् । संसद्बाट हुने यो पुनर्नियुक्ति औपचारिक प्रक्रिया मात्र भए पनि यसले उनलाई दोस्रो कार्यकालमा देशलाई थप रूढिवादी तथा सुरक्षा–केन्द्रित दिशातर्फ अघि बढाउने स्पष्ट सङ्केत दिएको छ ।
तल्लो सदनका ४६५ सिटमध्ये दुई तिहाइ बहुमत हासिल गरेको उनको लिबरल डेमोक्रेटिक पार्टीलाई विधेयक अघि बढाउन उल्लेखनीय सहजता प्राप्त भएको छ । माथिल्लो सदनमा बहुमत नभए पनि तल्लो सदनको 'सुपरमेजोरिटी' का कारण समितिहरूमा प्रभुत्व कायम राख्दै अस्वीकृत विधेयक पुनः पारित गराउन सकिने अवस्था छ । यही राजनीतिक बलमा उनले सैन्य क्षमता विस्तार, सरकारी खर्च वृद्धि र रूढिवादी सामाजिक नीतिलाई संस्थागत गर्ने योजना अघि सारेकी छिन् ।
आगामी दिनमा उनको प्राथमिकता बढ्दो मूल्य र सुस्त ज्याला समस्यालाई सम्बोधन गर्नु रहेको छ । चुनावका कारण ढिलाइ भएको बजेट विधेयक पारित गराउनु उनको पहिलो कार्यसूचीमा परेको छ । जीवनयापनको लागत घटाउन दुई वर्षका लागि खाद्य सामग्रीमा बिक्री कर कटौती गर्ने प्रस्ताव उनले अघि सारेकी छिन् । तर अर्थविशेषज्ञहरूले उदार वित्तीय नीतिले मुद्रास्फीति चर्किन सक्ने र जापानको ठूलो राष्ट्रिय ऋण घटाउने प्रयास सुस्त हुन सक्ने चेतावनी दिएका छन् ।
सुरक्षा र परराष्ट्र नीतिका विषयमा उनले अत्यन्त सावधानी र सन्तुलनका साथ आफ्नो धारणा व्यक्त गरेकी छिन् । बेइजिङले दाबी गरेको स्वशासित ताइवानसँग सम्बन्धित कुनै अवस्था उत्पन्न भएमा जापानले परिस्थिति हेरेर आफ्नो भूमिकाबारे विचार गर्ने कुरा उनले यसअघि उल्लेख गरेकी थिइन् । यस विषयले चीन र जापानबीच कूटनीतिक तहमा सामान्य चासो र संवादलाई निरन्तरता दिएको देखिएको छ । देशभित्र क्षेत्रीय स्थिरताबारे चासो राख्ने केही समूहले उनको भनाइलाई सकारात्मक रूपमा बुझेका छन् । साथै, टोकियोस्थित यासुकुनी तीर्थस्थल सम्बन्धी विषयमा विभिन्न मत रहेकाले उनले सबै पक्षसँग परामर्श गर्दै अघि बढ्ने सङ्केत गरेको बताइएको छ ।
रक्षा क्षेत्रमा उनले घातक हतियार निर्यातमा लगाइएको प्रतिबन्ध खुकुलो पार्ने, आणविक–सञ्चालित पनडुब्बी विकासको सम्भावना अध्ययन गर्ने र वर्षको अन्त्यसम्म सुरक्षा नीति परिमार्जन गर्ने वाचा गरेकी छिन् । गुप्तचर संयन्त्र सुदृढ पार्न राष्ट्रिय एजेन्सी स्थापना र वासिङ्टन, अस्ट्रेलिया तथा बेलायतसँग अझ नजिक सहकार्य गर्ने योजना पनि उनको एजेन्डामा छ । चिनियाँ जासुसी गतिविधि लक्षित कानूनलाई समर्थन गरेको उनको निर्णयले नागरिक अधिकार कमजोर हुन सक्ने भन्दै केही विज्ञले चिन्ता व्यक्त गरेका छन् । अप्रिलमा हुने सम्भावित शिखर भेटवार्ताअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग सम्बन्ध सुदृढ पार्ने प्रयाससमेत तीव्र पारिएको छ । जापानले अघिल्लो अक्टोबरमा प्रतिबद्ध गरेको पाँच खर्ब ५० अर्ब डलर लगानी प्याकेजअन्तर्गत प्रारम्भिक ३६ अर्ब डलरका परियोजनामा संलग्न हुने घोषणा भइसकेको छ । ओहायोमा प्राकृतिक ग्यास प्लान्ट, गल्फ कोस्टमा कच्चा तेल निर्यात सुविधा र कृत्रिम हीरा उत्पादन स्थल त्यसका उदाहरण हुन् । साथै, वार्षिक रक्षा खर्च बढाउन पनि जापानमाथि दबाब बढिरहेको छ । रिट्सुमेइकन विश्वविद्यालयका प्राध्यापक मासाटो कामिकुबोका अनुसार जापानी जनताले सुरक्षा सुनिश्चित गर्ने दृढ नेतृत्व अपेक्षा गरेका छन् । आन्तरिक नीतिमा उनले आप्रवासन र विदेशी नागरिकमाथि कडा नियम लागू गर्ने प्रस्ताव गरेकी छिन् । स्थायी बसोबास, नागरिकता प्रक्रिया र कर तथा सामाजिक बिमा भुक्तानीसम्बन्धी प्रावधान कडा पार्ने निर्णय सरकारले जनवरीमै स्वीकृत गरिसकेको छ । सामाजिक मुद्दामा उनले शाही परिवारको पुरुष–मात्र उत्तराधिकार प्रणालीलाई समर्थन गर्दै समलिङ्गी विवाहको विरोध गरेक छिन् । विवाहित जोडीलाई छुट्टाछुट्टै थर प्रयोग गर्न दिने कानूनी संशोधनप्रति उनी असहमत छिन्, बरु उपनामका रूपमा पहिलो नामको प्रयोग विस्तार गर्ने विकल्प अघि सारेकी छिन् ।
दोस्रो कार्यकालमा प्रवेश गर्दै ताकाइचीले आर्थिक दबाब, जनसाङ्ख्यिकीय चुनौती र क्षेत्रीय सुरक्षा तनावबीच देशलाई थप कडा नीतितर्फ डो¥याउने सङ्केत दिएकी छिन् । उनको सुपरमेजोरिटीले मार्ग प्रशस्त गरे पनि ती नीतिहरूले जापानको आन्तरिक सन्तुलन र छिमेकी मुलुकसँगको सम्बन्धमा कस्तो प्रभाव पार्नेछ भन्ने प्रश्न अझै खुला नै छ । रासस

# घरदैलोमा व्यस्त काठमाडौँ–३ का उम्मेदवार



**काठमाडौँ ।**
आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि काठमाडौँको निर्वाचन क्षेत्र नं ३ का उम्मेदवार दलका घोषणापत्रसहित घरदैलोमा कार्यक्रममा व्यस्त छन् । आफ्ना चुनावी एजेण्डासहित आमसभा, भेटघाट, प्रचारप्रसारलगायत गतिविधिमा उम्मेदवारले सक्रियता बढाएका हुन् ।
गोर्कणेश्वर नगरपालिका–४ का स्थानीय भीमभक्त तामाङले स्वदेशमा रोजगारी सिर्जना गर्नेलाई मत खसाल्ने निधो गरेको बताए । उमेरले ६५ काटेका उनले रोजगारीको अभावका कारण छोराछोरीलाई बुढेसकालमा विदेश पठाउनुपर्ने बाध्यता रहेकाले स्वदेशमा रोजगारी सिर्जना गर्नेलाई मत दिने धारणा राखे ।
यो उमेरमा छोराछोरीसँग टाढा बस्नुपर्ने बाध्यता छ, स्वदेशमा रोजगार दिए कसलाई विदेशिन मन हुन्छ ? उनले प्रश्न गरे । आसन्न प्रतिनिधिसभाको निर्वाचनमा मतदान गर्दा स्वेदशमा युवा टिकाउने नेतालाई प्राथमिकतामा राख्ने तामाङले सुनाए ।
काठमाडौँ क्षेत्र नं ३ मा पुराना र नयाँ पार्टीका अधिकांश नयाँ नेताको अनुहार देखिन्छ । नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाली कम्युनिष्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टीका उम्मेदवार राजनीतिक परिवर्तनका लागि निर्वाचनमा सहभागी छन् । यही फागुन २१ गते हुने निर्वाचनमा राजनीतिक दल र स्वतन्त्र गरी २२ जनाले उम्मेदवारी दिएका जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।
काठमाडौँ–३ मा कांग्रेसले रमेश अर्याल, एमालेले रामेश्वर फुयाँल, रास्वपाले राजुनाथ पाण्डे, नेकपाले निरज लामा, उज्यालो नेपाल पार्टीले अध्यक्ष कुलमान घिसिङलाई उम्मेदवार बनाएको छ । कांग्रेस, एमाले, नेकपा, रास्वपाले विगतको निर्वाचनमा नदोहोरिएका अनुहारलाई उम्मेदवार बनाएको छ भने उज्यालो नेपाल पार्टी निर्वाचनका लागि पहिलो अनुभव बटुल्दै गरेको यो नयाँ अनुहार हो ।
यसअघि २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा नेपाली कांग्रेसका सन्तोष चालिसे यस क्षेत्रबाट निर्वाचित हुनुभएको थियो । उहाँले १५ हजार १५८ मतले ल्याएर निर्वाचित भएका थिए । कांग्रेसका उम्मेदवार अर्यालले काठमाडौँ क्षेत्र–३ मा विगतका जनप्रतिनिधिले गरेका विकास र समृद्धिको कामलाई निरन्तरता दिँदै जनताको भावना अनुरुप विकासको मार्गचित्र तयार गर्ने बताए । एमालेका उम्मेदवार फुयाँलले संविधानका अधिकार कार्यान्व्यन गर्न कानुन बनाउनु पर्ने, सुशासन, समृद्धि, युवालाई स्वदेशमा रोजगार र मुलुकलाई आत्मनिर्भर बनाउने जिम्मेवारीसहित आफूले उम्मेदवारी दिएको बताए ।
रास्वपाका उम्मेदवार पाण्डेले 'तपाईं भोट हाल्नुहोस्, हामी देश बदल्छौँ' भन्ने भाव राख्दै मतदाताको घरदैलो पुगेका छन् । उनले पछिल्लो समय युवाको सक्रियतामा विकास गर्ने उद्देश्य महत्वका साथ लिएको बताए ।
अरुभन्दा फरक हुने भएकाले युवा सक्रियताले देश बनाउने विश्वासका साथ अब नेतृत्व बदलिने, मुलुक सञ्चालन प्रणाली बदलिने र यसले सकारात्मक परिवर्तन ल्याउने उनले विश्वास व्यक्त गरे ।
उज्यालोका नेपाल पार्टीका उम्मेदवार घिसिङले घोषणापत्र जारी गर्दै 'गफ होइन कामः भाषण होइन परिणाम' भन्ने मुख्य नारा समेटेर घरदैलो कार्यक्रममा सक्रियता बढाएका छन् । नागरिकको भरोसा जित्ने काममा आफू र आफ्नो पार्टी समर्पित रहेको बताउँदै उनले जनताको मन जित्ने र जनमुखि काम गर्ने प्रतिबद्धता जनाए ।
निर्वाचन क्षेत्र नं ३ का निर्वाचन अधिकृत चमिला भट्टराईका अनुसार यहाँ पुराना र नयाँ पार्टीका उम्मेदवारबीच हुने प्रतिस्पर्धामा जनताले स्वःविवेक प्रयोग गरी मतदान गर्नुपर्ने छ । अहिले उम्मेदवारहरू मतदाताको घरदैलोमा पुग्नुभएकोछ, मतदाता पनि उत्साहित देखिन्छन्, उनले भने यद्यपि निर्वाचन आचारसंहिताभित्रै प्रचारप्रसार भए÷नभएकोमा हामी सचेत छौँ ।
काठमाडौँ–३ मा गोकर्णेश्वर नगरपालिकाका नौवटा वडा, कागेश्वरी मनोहरा नगरपालिका–१, २ र ३ नं वडा तथा काठमाडौँ महानगरपालिका–६ नं वडा पर्दछन् । निर्वाचन आयोगका अनुसार यो निर्वाचन क्षेत्रमा कूल मतदाताको सङ्ख्या ६४ हजार ४७९ रहेका छन् । यस क्षेत्रमा ७२ मतदान केन्द्र तोकिएको निर्वाचन अधिकृत भट्टराईले जानकारी दिए । रासस

# सेना बोकेको बस दुर्घटना हुँदा २४ घाइते



**भोजपुर ।**
भोजपुर नगरपालिका–३ स्थित सेतीबगर नजिकै निर्वाचनमा खटिएको सेना लिएर जाँदै गरेको ना ४ ख ७३१७ नम्बरको बस दुर्घटनामा परेको छ । जिल्लाबाट २४ जना सेना र चालकसहित २६ जना सवार बस दुर्घटनामा परेको हो ।
दुर्घटनामा परी २४ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव उपरीक्षक राजु लामाले जानकारी दिए । उनका अनुसार बस सडक नजिकैको घुम्तीबाट तल खसेको छ । दुर्घटनामा परी गम्भीर घाइते ८ जनालाई सेनाको दुई वटा हेलिकप्टरमार्फत थप उपचारका लागि काठमाडौँ पठाइएको नेपाली सेनाले जनाएको छ ।
जिल्लाको पश्चिम टेम्केमैयुङ गाउँपालिकामा निर्वाचन सुरक्षा तयारीका लागि नेपाली सेनाको नयाँ श्रीनाथ गण भोजपुरबाट गएको सेनाको बस दुर्घटनामा परेको हो ।
दुर्घटनामा परी घाइते भएका अन्यको जिल्ला अस्पताल भोजपुरमा उपचार भइरहेको छ । रासस

# 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रम प्रभावकारी




काठमाडौं ।
सरकारले पाँच स्थानीय तहमा 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रममार्फत बच्चादेखि ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गर्दै आएका छन् । काठमाडौंको चन्द्रागिरि नगरपालिका, मोरङको इटहरी उपमहानगरपालिका, महोत्तरीको बर्दिबास नगरपालिका,स्याङ्जाको बालिङ नगरपालिका र बर्दियाको बारबर्दिया नगरपालिकामा सञ्चालन गरेको कार्यक्रम प्रभावकारी बन्दै गएको स्वास्थ्य सेवा विभागका नसिंङ तथा सामाजिक सुरक्षा महाशाखाका निर्देशक हिरादेवी निरौला जानकारी दिइन् ।
ती नगरपालिकाको प्रत्येक वडामा एक जना नर्सले खटिई स्थानीयवासीको स्वास्थ्यसम्बन्धी पूर्ण तथ्याङ्क सङ्लन, स्वास्थ्य अवस्थालगायतका विवरण सङ्कलन गर्दै सचेतना फैलाउने काम गर्ने उनले बताइन् । 'घरदैलो कार्यक्रममा नर्सहरू प्रत्येक घरमा गई गर्भवतीदेखि ज्येष्ठ नागरिकको स्वास्थ्य चेकजाँचसम्मको डिजिटल प्रोफाइल तयार गरिन्छ', उनले भनिन्, 'ती व्यक्तिको स्वास्थ्य जोखिमको आधारमा समय समयमा उपचारात्मक सेवा प्रदान गर्ने गर्दछन् ।'
चन्द्रागिरि नगरपालिकाका जनस्वास्थ्य शाखाका प्रमुख एवं वरिष्ठ जनस्वास्थ्य अधिकृत शम्भुकुमार महतोले विगत तीनवर्षदेखि नगरपालिकाका १५ वटै वडामा 'सामुदायिक नर्सिङ तथा घरदैलो' कार्यक्रम सञ्चालन हुँदै आएको जानकारी दिँदै यसबाट मार्फत बालबालिका, महिला तथा ज्येष्ठ नागरिक लाभान्वित भएको बताए ।
उनका अनुसार कार्यक्रम अन्तर्गत सुरक्षित मातृत्व र नसर्ने रोगको सेवा बढी प्रभावकारी छन् । उनले भनिन्, 'घरदैलोमा पुगेको समयमा नर्सहरूले रक्तचापको जाँच, मधुमेह, उच्च रक्तचाप, शरीरको तौललगायतको परीक्षण गर्दछन् ।' घरमा नै स्वास्थ्य जीवनशैली प्रवद्र्धन गरी सर्ने र नसर्ने रोग कम गराउन पनि कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने वरिष्ठ जनस्वास्थ्य अधिकृत महतोको भनाइ रहेको छ ।
नसिंङ तथा सामाजिक सुरक्षा महाशाखाका निर्देशक निरौलाले नर्सिङ घरदैलो कार्यक्रममा खटिने नर्सले गर्भवती, सुत्केरी, सुत्केशीपश्चात्, नवशिशु स्वास्थ्य, बालस्वास्थ्य, किशोरकिशारी स्वास्थ्य, वयस्कदेखि ज्येष्ठ नागरिकलाई घरमा गई नियमित स्वास्थ्य परीक्षण र प्राथमिक उपचारसमेत प्रदान गर्ने बताए ।
यस्तै मानिसलाई मुटुरोग, मनोरोग, पाठेघरको क्यान्सर, मानसिक स्वास्थ्य, स्तन क्यान्सरसमेतको जनचेतना फैलाउने छन् ।
यस्तै घरघरमा पुगी नर्सहरूले मानिसको व्यवहार गर्ने, स्वस्थ जीवनशैली र सन्तुलित खाना खान प्रोत्साहन र धूम्रपान तथा मद्यपान निरुत्साहित समेत गर्ने छन् । कार्यक्रमले गर्दा बर्दिबास नगरपालिकामा संस्थागत रुपमा सुत्केरी गराउने बढेको महाशाखाका निर्देशक निरौलाले जानकारी दिए । उनले अन्य स्थानीय तहमा पनि चाँडै कार्यक्रम लागू गर्ने बताए । रासस

# निर्वाचन विरोधी गतिविधि गर्ने चारजना पक्राउ

**काठमाडौँ ।**
निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा नेपाल कम्युनिष्ट पार्टीका महासचिव ऋषि कट्टेललाई प्रहरीले बुधबार पक्राउ गरेको छ ।
काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले कट्टेललाई आज कीर्तिपुरबाट पक्राउ गरिएको जानकारी दिए ।
हालसम्म कट्टेलसँगै निर्वाचन विरोधी गतिविधिमा लागेको आरोपमा चार जनालाई पक्राउ गरिएको उनले बताए । उनका अनुसार मङ्गलबार राति नेपाल कम्युनिष्ट पार्टी (बहुमत)का महासचिव धर्मेन्द्र बाँस्तोला, नेता विष्णुप्रसाद तिमिल्सिना र दुर्गा प्रसाईं समूहका एसपी साहलाई पनि पक्राउ गरिएको छ । उनीहरूले निर्वाचन बहिष्कार गर्ने अभिव्यक्ति दिएका थिए । नेकपा, नेकपा बहुमतलगायत केही साना दलले निर्वाचन बहिष्कार गर्दै निर्वाचन विरोधी गतिविधि गरिरहेकाले प्रहरीले उनीहरूलाई निगरानीमा राखेको छ । रासस

# १९ उम्मेदवारद्वारा बैंकको खाता खोल्न सिफारिस




**चितवन ।**
आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि विभिन्न दल र स्वतन्त्र रुपमा उम्मेदवारी दर्ता गराएका उम्मेदवारमध्ये १९ जनाले बैंक कारोबारका लागि निर्वाचन कार्यालयबाट अनुमति लिएका छन् । जिल्लामा उम्मेदवार रहेका ६४ जनामध्ये उनीहरुले बैंकिङ कारोबारका लागि अनुमति लिएका हुन् ।
जिल्ला निर्बाचन कार्यालय चितवनका सूचना अधिकारी नेत्रराज श्रेष्ठका अनुसार बैंकिङ कारोवारका लागि सिफारिस लिनेमा १८ जना राजनैतिक दलका उम्मेदवार हुन भने एक जना स्वतन्त्र उम्मेदवार रहेका छन् । उहाँका अनुसार यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि बैंकिङ खाता अनिवार्य गरिएसँगै यसका बारेमा बुझ्न र सिफारिसका लागि आवश्यक प्रक्रियाबारे जानकारी लिन उम्मेदवार र उम्मेदवारका प्रतिनिधिहरु कार्यालय आउन थालेका हुन । उनले भने – बैंकिङ खाता खोल्ने विषयमा जानकारी लिन आउने क्रम बढ्दो छ ।
निर्वाचन आयोगले राजनीतिक दल एवं उम्मेदवारबाट हुने निर्वाचन प्रचारप्रसारको लागि प्राप्त हुने स्वेच्छिक आर्थिक सहयोगको रकम र त्यसको प्रचारप्रसारको लागि राजनीतिक दल एवं उम्मेदवारहरुले गर्ने खर्चलाई मितव्ययी, पारदर्शी बनाई निर्वाचनमा सुशासन कायम गर्न बैंकिङ खाता खोल्नुपर्ने प्रावधान ल्याएको हो । यस्तै जिल्लामा रहेका ११ जना उम्मेदवारले आफ्नो घोषणापत्र आयोगमा बुझाएका छन् । श्रेष्ठका अनुसार तीन जना स्वतन्त्र उम्मेदवार र आठ जना राजनीतिक दलका उम्मेदवारले आफ्नो घोषणापत्र बुझाएका हुन् । आयोगले फागुन ३ गतेसम्म उम्मेदवारहरुले आफ्नो घोषणापत्र आयोगमा बुझाउन आग्रह गरेको थियो ।
यसैबीच प्रतिनिधिसभा निर्वाचनका लागि आवश्यक सामग्रीहरु निर्वाचन कार्यालयमा आउन थालेका छन् ।
आयोगले जिल्ला निर्वाचन कार्यालयहरु सामग्री पठाउन सुरु गरेको हो । चितवनमा एक हजार २५० मतपेटिका आईपुगेको श्रेष्ठले जानकारी दिए । अब निरन्तर रुपमा निर्वाचनका सामग्री आउने उनले बताएका छन ।
जिल्लाका १६२ मतदानस्थल र ४९४ मतदान केन्द्र रहेका छन् । तीन निर्वाचन क्षेत्र रहेको यस जिल्लामा चार लाख ४२ हजार ८२ जना मतदाता छन् । यसमा दुई लाख १७ हजार ३१४ पुरुष र दुई लाख २४ हजार ७६६ महिला एवं दुई तेस्रो लिङ्गी छन् । रासस

# १३२ केभीको बुर्तिबाङ सवस्टेसन सञ्चालनमा



**बागलुङ ।**
एक सय ३२ केभी बुर्तिबाङ सवस्टेसन सञ्चालनमा आएको छ । यही फागुन २ गते निर्माण सम्पन्न भएपछि फागुन ३ र ४ गते परीक्षण गरिएको सवस्टेसन मङ्गलबारदेखि नियमित रूपमा सञ्चालन गरिएको हो । एक वर्ष अघि सञ्चालनमा आउने भनिएको उक्त सवस्टेसन अन्तर्गत बागलुङको बडिगाड गाउँपालिका क्षेत्रमा स्थानीयले टावर निर्माण र लाइन तान्न अवरोध गरेपछि ढिलाइ भएको हो । कपिलवस्तुको मोतिपुरबाट सन्धिखर्कसम्मको लाइन निर्माण विसं २०७८ चैत १२ गते सुरु भएकामा अघिल्लो वर्ष असार ७ गतेदेखि सञ्चालन गर्ने योजना थियो । ठाउँठाउँमा काम गर्दा अवरोध आएपछि समयमा सञ्चालनमा ल्याउन नसकेको आयोजना प्रमुख मनोज चौधरीले बताए । करिब डेढ वर्ष बडिगाडका स्थानीयले टावर निर्माण रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेपछि आयोजनाको काम रोकिएको उनको भनाइ छ । गत वर्ष असार ९ गते सर्वोच्चले रिट खारेज गरिदिएपछि तीव्रगतिमा काम गरेर सम्पन्न गरेको उनले बताए । पहाडी जिल्लालाई केन्द्रीय प्रसारण लाइनसँग जोड्नका लागि कपिलवस्तुको मोतिपुरबाट आयोजनाले अर्घाखाँचीको सन्धिखर्क, गुल्मीको तम्घास, पौँदीअमराई हुँदै बुर्तिबाङ जोड्ने १३२ केभीको सवस्टेसन विसं २०७८ देखि निर्माण सुरु भएको थियो । ढोरपाटन नगरपालिका–२ खल्टुबोटमा सवस्टेसन निर्माण गरेर सञ्चालन गरिएको आयोजना प्रमुख चौधरीले जानकारी दिए ।
उनले भने,हामीले अघिल्लो वर्ष सञ्चालनमा ल्याउने गरी काम गरेका थियौँ तर, विभिन्न समस्याले गर्दा काम सम्पन्न हुन सकेको थिएन । फागुन २ गते काम सकिएलगत्तै परीक्षण गरेका थियौँ, अहिले नियमित रूपमा प्रसारणलाइन सञ्चालनमा आएको छ । कपिलवस्तुबाट बुर्तिबाङसम्म ८६ किलोमिटर दूरी रहेको छ । यहाँ 'डबल सर्किट'को तार विस्तार गरिएको प्रमुख चौधरीले बताए । उनका अनुसार चार अर्ब ७९ करोड लागतमा उक्त आयोजना सञ्चालनमा आएको हो । रासस

# स्वीकृति नलिइ भित्तेपात्रो छापे जरिवाना




**काठमाडौं ।**
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृत नलिई भित्तेपात्रे छापे एक लाख रुपैयाँसम्म जरिवाना हुने भएको छ । समितिले भित्तेपात्रो प्रकाशन गर्दा अनिवार्य रुपमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ ।
समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले कानुनअनुसार समितिबाट स्वीकृति नलिई पात्रो तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने बताए । 'समितिबाट स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइँदैन, यदी कसैले स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गरे एक लाखसम्म जरिवाना हुन्छ', कार्यकारी निर्देशक पन्थीले भने ।
नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ (ञ) र (ढ) मा समितिबाट स्वीकृति लिएर मात्रै पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइने भन्ने व्यवस्था छ ।
उक्त समितिको दिग्दर्शनको परिच्छेद १५ मा स्वीकृत नलिइ पात्रो तथा क्यालेण्डर प्रकाशन गरे १० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । कसैले स्वीकृत नलिइ पात्रो वा क्यालेण्डर प्रकाशन गरेको विषयको अनुगमन गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई तोकिएको छ ।
कार्यकारी निर्देशक पन्थीले पात्रो र भित्तेपात्रो प्रकाशन गर्ने सबै संस्था, कम्पनी, निकाय वा व्यक्तिलाई अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने बताए । बेच्ने प्रयोजनको लागि प्रकाशन गरिएका र निःशुल्क वितरण गर्न लागिएका पात्रो वा भित्तेपात्रो प्रकाशनको लागि अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने हुन्छ ।
समितिले भित्तेपात्रो प्रकाशनको स्वीकृतिका लागि शुल्क तय गरेको छ । समितिले शैक्षिक संस्थाले प्रकाशन गर्ने क्यालेण्डरको स्वीकृतिका लागि दुई हजार रुपैयाँ, निःशुल्क वितरण गर्न प्रकाशन गरिने क्यालेण्डरको स्वीकृतिका लागि पाँच हजार रुपैयाँ र मूल्य राखेर प्रकाशन गरिने क्यालेण्डर स्वीकृतिमा १० हजार रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको छ । रासस

# पर्सा १ मा कडा भिडन्तः उद्योगी र कम्युनिष्ट नेता आमने सामने

**मधेशदृष्टि**
**वीरगंज ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत पर्सा निर्वाचन क्षेत्र नं. १ मा चुनावी प्रतिस्पर्धा रोचक मोडमा पुगेको छ । यस क्षेत्रमा व्यापारी पृष्ठभूमिका उम्मेदवार र लामो राजनीतिक अनुभव भएका नेताबीच मुख्य भिडन्त हुने आकलन गरिएको छ । विशेषगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रदीप यादव र नेपाली कांग्रेसका अनिल रुंगटाबीच कडा प्रतिस्पर्धा हुने राजनीतिक वृत्तमा चर्चा छ ।



एमालेका उम्मेदवार यादव पूर्व मन्त्री तथा निर्वतमान सांसद हुन् । मधेश आन्दोलनको पृष्ठभूमिबाट राजनीतिक यात्रा सुरु गरेका उनी पछिल्लो समय जनता समाजवादी पार्टी परित्याग गरी एमालेबाट चुनावी मैदानमा उत्रिएका हुन् । दल परिवर्तन गरेसँगै मधेशका एजेन्डा त्यागेको आरोप उनीमाथि लाग्दै आएको छ । तर यादवले भने आफूले मन्त्री र सांसदका रूपमा गरेका विकास निर्माणका कामलाई आधार बनाएर मत मागिरहेका छन् । आफ्नो कार्यकालमा क्षेत्रको पूर्वाधार, शिक्षा र अन्य विकासका क्षेत्रमा योगदान दिएको दाबी गर्दै उनले सधैं जनताको सुख–दुःखमा साथ दिएको बताउँदै आएका छन् ।

यता कांग्रेसका उम्मेदवार रुंगटा उद्योगी तथा व्यवसायीका रूपमा परिचित छन् । उनी समानुपातिक कोटाबाट संविधानसभा सदस्य भइसकेका व्यक्ति हुन् । संविधानसभा सदस्य रहँदा उल्लेखनीय उपलब्धि हासिल गर्न नसकेको र चुनावी समयमा मात्र सक्रिय हुने गरेको आरोप उनीमाथि लाग्दै आएको छ । त्यस्तै, उनले सञ्चालन गरेको उद्योगका कारण सिर्सिया नदी प्रदूषित बनेको तथा नेपाली कामदारको सट्टा भारतीय कामदार बढी रोजगारी दिएको भन्ने विषयमा स्थानीयस्तरमा असन्तोष देखिएको छ । यद्यपि, रुंगटाले यी आरोप अस्वीकार गर्दै आफू विकास र आर्थिक रूपान्तरणको स्पष्ट योजनासहित मैदानमा उत्रिएको बताएका छन् । उनले निर्वतमान सांसदको कार्यशैलीप्रति प्रश्न उठाउँदै अब क्षेत्रलाई नयाँ सोच र नेतृत्व आवश्यक रहेको दाबी गरेका छन् ।

यस निर्वाचन क्षेत्रमा अन्य राजनीतिक दलका उम्मेदवारहरू पनि सक्रिय रूपमा चुनावी प्रतिस्पर्धामा छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट हरि पन्त, नेपाल कम्युनिष्ट पार्टी बाट अजय चौरसिया, जनता समाजवादी पार्टी (जसपा) नेपाल बाट रामनरेश यादव, जनमत पार्टी बाट ओमप्रकाश सर्राफ, उज्यालो नेपाल पार्टी बाट रामकिशोर सिंह (पराग) तथा राष्ट्रिय प्रजातन्त्र पार्टी बाट नन्दु श्रीवास्तवलगायत उम्मेदवार मैदानमा छन् ।

रास्वपाका उम्मेदवार पन्त पेशाले होटल व्यवसायी हुन् र राजनीतिमा अपेक्षाकृत नयाँ अनुहारका रूपमा देखिएका छन् । त्यस्तै नेकपाका उम्मेदवार चौरसिया चार्टर्ड एकाउन्टेन्ट (सिए) पृष्ठभूमिबाट आएका नयाँ प्रतिस्पर्धी हुन् । उज्यालो नेपाल पार्टीका पराग भने वडाध्यक्ष पदबाट राजीनामा दिएर संघीय संसदतर्फ उक्लिएका छन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार यस क्षेत्रको मुख्य प्रतिस्पर्धा यादव र रुंगटाबीच केन्द्रित रहने सम्भावना बढी छ । यद्यपि, रास्वपाले देशभर वैकल्पिक राजनीतिक शक्तिको रूपमा आकर्षण बढाइरहेका बेला त्यसको प्रभाव पर्सा–१ मा पनि देखिन सक्ने आँकलन गरिएको छ । विशेषगरी रास्वपाले काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) लाई प्रधानमन्त्रीको सम्भावित उम्मेदवारका रूपमा अघि सारेको सन्देशले युवापुस्तामाझ उत्साह थपेको विश्लेषण गरिएको छ ।

निर्वाचन मिति नजिकिँदै जाँदा पर्सा–१ मा घरदैलो, सभा–सम्मेलन र मतदाता भेटघाट तीव्र बनेका छन् । अब मतदाताले अनुभव र नयाँ विकल्पमध्ये कसलाई रोज्छन् भन्ने चासो बढ्दो छ । यस पटकको परिणामले पर्सा–१ को मात्र होइन, समग्र मधेश क्षेत्रको राजनीतिक दिशासमेत संकेत गर्ने अपेक्षा गरिएको छ ।

# समृद्ध नेपालको सपना पूरा गर्न एमालेमा मतदानः जुली



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

एमालेको धनुषा ३का उम्मेदवार जुलीकुमारी महतो घरदैलो अभियान अन्तर्गत मतदाताको घर घर पुग्ने क्रमलाई तीव्रता दिएकी छन् । धनुषा ३बाट एमालेको प्रतिनिधिसभा उम्मेदवार जुलीले घर घरमै पुगेर मतदाताको समस्या सुन्दै आईरहेकी छन् । घरदैलोको क्रममा उनले एमालेको समृद्ध नेपालको परिकल्पना साकार बनाउनकालागि आफ्नो पक्षमा मतदान गर्न आग्रह समेत गरिरहेकी छन् । घरदैलोको क्रममा धनौजी गाउँपालिका वडा नम्बर २ गोरदाहा पुगेर उनले आफ्नो पक्षमा मतदान गर्न आग्रह गरेकी हुन् । घरदैलोको क्रममा उम्मेदवार जुलीलाई त्यहाँका मतदाताहरुले स्वागत समेत गरेका थिए । प्रतिनिधीसभा सदस्यका उम्मेदवार जुलीले आफु जनतासंगै रहेकाले यसपालि जनताले मौका दिने विश्वास व्यक्त गरिन् । एमालेलाई मधेशविरोधी दलको रुपमा चित्रण गरिदै आएकोमा उनले एमाले नेतृत्वकै सरकारले मधेशमा विभिन्न विकास निर्माणका कार्यहरु गरेको स्मरण समेत गराइन् । जुलीले एमाले पूरै देशको विकासका लागि कटिवद्ध दल रहेकाले एमालेको पक्षमा प्रत्यक्ष तथा समानुपातिक दूबैमा मतदान गर्न मतदाताहरुलाई आग्रह गरिन् ।

# भुक्तानी नहुँदा मेसिन 'खोलियो', बिरामी निजी अस्पतालतर्फ धकेलिँदै

मधेशदृष्टि
वीरगंज ।

पर्साको पोखरिया स्थित प्रादेशिक अस्पताल पोखरिया मा एक्सरे सेवा अचानक ठप्प भएपछि बिरामीहरू मारमा परेका छन् । अस्पतालमा जडान गरिएको एक्सरे मेसिनका केही महत्वपूर्ण पार्टपुर्जा ठेकेदार पक्षले नै झिकेर लगेपछि सेवा पूर्ण रूपमा अवरुद्ध भएको हो । भुक्तानी विवादका कारण उपचार सेवा प्रभावित हुनु स्थानीयवासीका लागि गम्भीर चिन्ताको विषय बनेको छ ।





अस्पताल प्रशासनका अनुसार करिब डेढ वर्षअघि गढीमाई इन्टरप्राइजेजले एक्सरे मेसिन जडान गरेको थियो । उक्त कम्पनीलाई करिब साढे चार लाख रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको जनाइएको छ । अस्पतालले पटक पटक ताकेता गरेपनि समयमै रकम उपलब्ध गराउन नसक्दा स्थिति जटिल बन्दै गएको थियो । अन्ततः कम्पनीका प्रोप्राइटर विजय गुप्ताले सोमबार मेसिन सञ्चालन नहुने गरी केही आवश्यक पार्टपुर्जा निकालेर लगेपछि सेवा पूर्ण रूपमा बन्द भएको अस्पतालले जनाएको छ ।

दैनिक २० देखि ३० जनासम्म बिरामीले एक्सरे सेवा लिँदै आएको अस्पतालमा सेवा ठप्प हुँदा बिरामीहरू अन्य निजी तथा सरकारी स्वास्थ्य संस्थातर्फ धाउन बाध्य भएका छन् । विशेषगरी दुर्घटना, हड्डीसम्बन्धी समस्या तथा आपतकालीन अवस्थाका बिरामीहरूलाई तत्काल एक्सरे आवश्यक पर्ने भएकाले सेवा अवरुद्ध हुनु गम्भीर समस्या बनेको छ । आर्थिक रूपमा कमजोर बिरामीहरूका लागि निजी अस्पतालमा जाँच गराउनु थप बोझ बनेको छ ।

अस्पताल विकास समितिका अध्यक्ष उमेश चौहानले समस्या भुक्तानी प्रक्रियामा भएको ढिलाइका कारण उत्पन्न भएको स्वीकार गरेका छन् । उनका अनुसार प्रदेश सरकारमार्फत उपलब्ध हुनुपर्ने रकम समयमै निकासा नभएकाले ठेकेदार कम्पनीलाई भुक्तानी दिन सकिएको छैन । उनले पोखरिया नगरपालिकासँग पनि समन्वय गरिएको तर सम्बन्धित कार्यालयको खाता सञ्चालनमा नआएकाले रकम निकासा गर्न नसकिएको स्पष्ट पारे ।

'हामीले एक साताभित्र रकम उपलब्ध गराउने प्रतिबद्धता जनाएका थियौं । तर ठेकेदार पक्षले त्यो समय पर्खन अस्वीकार गर्दै मेसिनका केही सामान लगेको हो,' अध्यक्ष चौहानले बताए ।

उनका अनुसार अहिले सेवा पुनः सञ्चालनका लागि प्रदेश सरकार र ठेकेदार कम्पनीसँग तीव्र समन्वय भइरहेको छ ।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा भुक्तानी विवादले प्रत्यक्ष रूपमा बिरामीलाई असर पार्नुले प्रशासनिक कमजोरी उजागर भएको स्थानीयको भनाइ छ । सेवा अवरुद्ध भएपछि अस्पतालप्रति नागरिकको आक्रोश पनि बढेको छ । सरकारी अस्पतालमा सामान्य परीक्षणसमेत सहज रूपमा नपाइने अवस्था सिर्जना हुनु दुःखद भएको प्रतिक्रिया सेवाग्राहीहरुले दिएका छन् ।

यस घटनाले सार्वजनिक स्वास्थ्य संस्थामा उपकरण व्यवस्थापन, ठेक्का प्रणाली र भुक्तानी प्रक्रियामा सुधारको आवश्यकता औंल्याएको छ । समयमै आर्थिक दायित्व पूरा नगर्दा आधारभूत स्वास्थ्य सेवा नै बन्द हुनुपर्ने अवस्था आउनु विडम्बनापूर्ण भएको सरोकारवालाहरू बताउँछन् ।हाल अस्पताल प्रशासनले छिटोभन्दा छिटो समस्या समाधान गरी एक्सरे सेवा पुनः सञ्चालन गर्ने दाबी गरेको छ । तर जबसम्म भुक्तानी प्रक्रिया टुंगिँदैन, सेवा पुनः सुरु हुने निश्चित छैन । यसबीचमा बिरामीहरू वैकल्पिक व्यवस्था खोज्न बाध्य छन्, जसले स्वास्थ्य सेवामा पहुँच र विश्वास दुवैमा प्रश्नचिह्न खडा गरेको छ ।

# पर्सा क्षेत्र नं. २ मा जसपा उम्मेदवार टेमानीको पक्षमा बढ्दो जनलहर

**हरिशंकर शर्मा**
**वीरगंज ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै पर्सा जिल्ला क्षेत्र नं. २ मा चुनावी सरगर्मी तीव्र बन्दै गएको छ । यस क्षेत्रबाट जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार अशोक टेमानी यतिबेला मतदातामाझ लोकप्रिय बन्दै गएका छन् । लामो समयदेखि विकासको अपेक्षामा बसेका स्थानीय मतदाताले यस पटक नयाँ विकल्प खोजिरहेको अवस्थामा टेमानीको उम्मेदवारीले क्षेत्रबासीमा नयाँ आशा र उत्साह थपेको छ ।



क्षेत्र नं. २ मा विगतका वर्षहरूमा अपेक्षाअनुसार विकास हुन नसकेको गुनासो सर्वत्र सुनिँदै आएको छ । आधारभूत पूर्वाधार, शिक्षा, स्वास्थ्य तथा रोजगारीका क्षेत्रमा उल्लेखनीय प्रगति हुन नसकेको भन्दै मतदाताहरू निराश देखिन्थे । यही परिवेशमा उद्योगी तथा समाजसेवीको रूपमा परिचित नयाँ अनुहार अशोक टेमानी चुनावी मैदानमा उत्रिएपछि स्थानीयस्तरमा सकारात्मक चर्चा सुरु भएको छ ।

टेमानीले घरदैलो अभियानका क्रममा जनतासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या नजिकबाट बुझेको बताएका छन् । 'क्षेत्रको विकास, गुणस्तरीय शिक्षा, सुलभ स्वास्थ्य सेवा र स्थानीय स्तरमै रोजगारी सिर्जना मेरो पहिलो प्राथमिकता हुनेछ,' उनले विभिन्न चुनावी सभामा दोहो¥याउँदै आएका छन् । उनको प्रतिबद्धताप्रति युवा तथा मध्यम वर्गका मतदाताहरू विशेष आकर्षित देखिएका छन् ।

लामो समयदेखि यस क्षेत्रमा आफ्नो प्रभाव कायम राख्दै आएको नेपाली काँग्रेस यस पटक भने कमजोर देखिएको स्थानीय विश्लेषकहरूको भनाइ छ । काँग्रेसका उम्मेदवार एवं पूर्वमन्त्री अजय चौरसियालाई घरदैलो अभियानकै क्रममा मतदाताले विरोध गरेको र त्यसपछि चुनावी गतिविधि सुस्ताएको चर्चा छ । स्थानीय तहमा मतदाताहरू सधैं चुनावका बेला मात्र देखापर्ने नेताप्रति असन्तुष्ट रहेको बताइन्छ ।

मतदाताहरूका अनुसार विगतमा निर्वाचित प्रतिनिधिहरूले चुनावपछि क्षेत्रको बेवास्ता गर्दै राजधानी केन्द्रित राजनीति गरेका कारण जनविश्वास खस्किएको हो । 'अब हामी सचेत भइसकेका छौं । चुनावको बेला मात्रै आउने नेताहरूलाई यस पटक जवाफ दिनेछौं,' एक स्थानीय मतदाताले बताए । यस पटकको निर्वाचनमा मतदाताहरूले विगतका कमजोरी दोहोरिन नदिन सजग भएर मतदान गर्ने मनस्थिति बनाएको देखिन्छ ।

यद्यपि प्रतिस्पर्धा भने रोचक हुने संकेत देखिएको छ । जसपाका अशोक टेमानीसँगै राष्ट्रिय स्वतन्त्र पार्टी का उम्मेदवार सुशिल साह कानु, नेपाल कम्युनिष्ट पार्टी (एमाले) की उम्मेदवार रिमा यादव तथा नेपाल कम्युनिष्ट पार्टी का उम्मेदवार मनोज चौधरी चुनावी प्रतिस्पर्धामा छन् । बहुपक्षीय प्रतिस्पर्धाका कारण मत विभाजनको सम्भावना पनि उत्तिकै रहेको विश्लेषकहरू बताउँछन् ।चुनावी अभियान तीव्र बन्दै जाँदा क्षेत्र नं. २ मा राजनीतिक माहोल दिनप्रतिदिन तातिरहेको छ । विकास र सुशासनको मुद्दा यस पटकको निर्वाचनको केन्द्रबिन्दु बनेको देखिन्छ। मतदाताहरू नयाँ सोच, नयाँ नेतृत्व र परिणाममुखी कामको अपेक्षामा छन् । अब हेर्न बाँकी छ फागुन २१ गतेको मतदानले क्षेत्र नं. २ का मतदाताहरूको यो उत्साह र परिवर्तनको चाहनालाई कस्तो परिणाम दिन्छ । चुनावी प्रतिस्पर्धा जति रोचक बन्दै गएको छ, त्यति नै मतदाताको निर्णयले आगामी राजनीतिक दिशालाई निर्धारण गर्ने निश्चित छ ।

# संघीयताको रक्षा र मधेशको मुक्ति जसपा नेपालको मूल लक्ष्य

**मधेशदृष्टि**
**सप्तरी ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले अधिकारसम्पन्न सङ्घीयता रक्षा र मधेशको मुक्ति आफुहरुको मूल लक्ष्य भएको बताएका छन् ।



सप्तरीको डाक्रेश्वरी नगरपालिका स्थित पत्थरगाडामा बुधबार आयोजित युवा विद्यार्थीहरुको क्षेत्रीय भेला तथा प्रशिक्षणलाई सम्बोधन गर्दै उनले यी लक्ष्य प्राप्तिको लागि आफू जस्तो सुकै सङ्घर्ष गर्न तयार रहेको उनले बताए ।

सङ्घीयता मधेश जनविद्रोहबाट स्थापित भएको चर्चा गर्दै सप्तरी क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार समेत रहेका अध्यक्ष यादवले भने, 'सङ्घीयता कांग्रेस र एमालेको एजेन्डा थिएन, होइन। अझैं पनि चाहेको छैन, राष्ट्रिय स्वतन्त्र पार्टीले त झन सङ्घीयता खारेज गर्ने दाउमा छ, गकभि उसले प्रदेशमा उम्मेदवारसम्म खडा गरेन, तर अधिकारसम्पन्न सङ्घीयता र मधेशको मुक्ति हाम्रो मूल लक्ष्य हो, यसका लागि जस्तोसुकै सङ्घर्ष गर्न तयार छौँ ।'

मधेश प्रदेश नामांकरणका समयमा पनि कांग्रेस एमाले मधेश प्रदेश हुन नदिन जानकी, जनक आदि इत्यादिको अडानमा रहेको चर्चा गर्दै जसपा नेपालका अध्यक्ष यादवले भने, 'मधेश केन्द्रित दलहरुको दुई तिहाइ बहुमत नभएको भए मधेश र मधेशीको पहिचानमा आधारित मधेश प्रदेश बन्ने थिएन, अझै प्रदेशलाई अधिकारसम्पन्न बनाउन हाम्रो सङ्घर्ष जारी छ ।'

देशमै पहिचानमा आधारित प्रदेश मधेश मात्र भएको चर्चा गर्दै अन्य प्रदेश नदीहरुको नामबाट हुनु अत्यन्तै अव्यवहारिक रहेको उनले बताए ।

मुलुकमा मधेशी लगायत अझै पनि उपेक्षित उत्पीडित समुदायले अधिकारको लागि सङ्घर्ष गर्नुपर्ने अवस्था विद्यमान रहेको बताउँदै अध्यक्ष यादवले भने 'मेचीदेखि महाकालीसम्म २२ जिल्लाको भूभाग मधेश हो, तर त्यसलाई विभाजित हुने काम भयो, अझै पनि मधेशीलाई अवसरबाट वञ्चित गरिएको छ, देशको आधा भन्दाबढी जनसंख्या मधेशीको छ, तर प्रहरी प्रशासन, कर्मचारीमा एकल जातीय वर्चश्व हाबी छ, ७७ जिल्लाका सिडियोमा ६५ जना खस बाहुनहरु मात्र छन् ।'

समान अवसर र बराबरको हिंस्सेदारीका लागि संविधान संशोधन तथा पुनर्लेखन आवश्यक रहेकोले मधेशी लगायत शोषित उत्पीडित जनताले जसपा नेपाललाई बलियो शक्ति बनाएर पठाउनुपर्नेमा उनले जोड दिए ।

अहिले सङघीयता, प्रदेश तथा आरक्षण विरोधी शक्तिहरु मधेशी जनतालाई दिग्भ्रमित पार्ने काम गरिरहेको भन्दै युवा विद्यार्थीहरुलाई सजग हुन आग्रह गरे । मधेशलाई बर्वाद पार्न शिक्षालाई धारासायी बनाएको टिप्पणी गर्दै अध्यक्ष यादवले भने 'मधेशमा विद्यालय तथा कलेजहरुमा शिक्षक छैन, गुणस्तरीय पढाइ हुँदैन, जनशक्ति नै कमजोर भएपछि लोकसेवा, शिक्षक सेवा लगायतका परीक्षा पास गर्न समस्या हुनु स्वाभाविक हो, रणनीति तहत मधेशको शिक्षा ध्वस्त पारियो ।'

आगामी चुनावबाट भाग्य भविष्य समेत लेखिने भएकोले मधेश विरोधीहरुको भ्रम र झुठा आश्वानलाई चिर्दै अगाडि बढ्न समेत उनले युवा विद्यार्थीहरुलाई आग्रह गरे ।

# राष्ट्रिय सहमतिपछि निर्वाचन उपयुक्तः पूर्वराजा

**मधेशदृष्टि**
**वीरगंज ।**

पूर्वराजा ज्ञानेन्द्र शाहले अहिले देशको अस्तित्व नै संकटमा परेको भन्दै राष्ट्रिय सहमतिबाट समस्याको साधान गरेरमात्र चुनावमा जानु उपयुक्त हुने सुझाव दिएका छन् ।

प्रजातन्त्र दिवसको अवसरमा जारी गरेको भिडिओ सन्देशमा पूर्व राजाले राष्ट्रिय संकटको समाधान नगरी हुने चुनावले थप द्वन्द्व निम्त्याउने चेतावनी समेत दिएका छन् ।

सिंगै मुलुक यतिबेला अस्वाभाविक छटपटीको भुमरीमा फसेको शाहको जिकिर छ । देशको अस्मिता र अस्तित्व नै संकटमा परेको महसुस हरेक देशभक्त नेपालीले गरिरहेको भन्दै उनले भने, 'विगतमा अनेकौँ नाममा आन्दोलन र भए । संघर्षको आडमा परिवर्तन पनि गरिए, तर सबै प्रकारका परिवर्तनहरूले नेपाल र नेपालीलाई के दियो भन्ने आत्मसमीक्षा गर्नुपर्ने समय अहिले आएको छ ।'

हाम्रो शत्रु विपन्नता र अस्थिरता भएको भन्दै शाहले एउटा नेपालीले अर्को नेपालीलाई वैरी ठान्ने अवाञ्छित संस्कृतिलाई हामीले प्रश्रय दिइरहेको बताएका छन् ।

'अधिकार मात्र खोज्ने तर कर्तव्य नसोच्ने प्रवृत्ति मौलाइरहेको यस्तो दुःखद परिस्थितिमा आलोपालो भाग लगाएर खाउँ भन्ने सोचले होइन, मिलेर काम गरौँ भन्ने कर्तव्यबोधले मात्र मुलुकलाई नयाँ गति दिन सकिन्छ,' शाहले भनेका छन् ।

उनले थप भने, 'कुनै व्यवस्थाको राम्रा र असल पक्षहरू टिप्नु र राख्नुपर्छ ।

जुनै व्यवस्थाको नराम्रो र खराब पक्षहरू हुन्छन्, त्यसलाई फाल्नु र फ्याँक्नुपर्छ ।

त्यसैले विश्वका कैयौँ राष्ट्रहरू पहिले आफ्नो देश, पहिला आफ्नो जनता र पहिला आफ्नो आवश्यकता भन्दै त्यही प्राथमिकतामा प्रजातन्त्रको पाइला बसाइरहेका छन् ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन